# विषय-सूची


| | पेज नं. |
|---|---|
| कार्यकारी सारांश | १ |
| कृतज्ञता | २ |
| पृष्ठभूमि | ३ |
| नेपालमा सहकारी : इतिहासदेखि वर्तमानसम्म | ४ |
| सहकारीको शुरूवात | ४ |
| साझामा परिणत | ४ |
| पुनः सहकारी | ५ |
| नेपालको सहकारीको वर्तमान अवस्था | ५ |
| कार्यक्रमको उद्देश्य | ७ |
| कार्यविधि | ७ |
| मूल सवाल | ८ |
| नीतिगत सवाल | ८ |
| कार्यसञ्चालनसम्बन्धी सवाल | ८ |
| नियमनसम्बन्धी सवाल | ८ |
| अनकाक र निजी क्षेत्र : माधव पौडेलको प्रस्तुति | ९ |
| भ्रष्टाचारविरुद्धको महासन्धिका सन्दर्भमा नेपालमा सहकारीको स्थिति : गौरीबहादुर कार्कीको प्रस्तुति | १२ |
| राष्ट्रिय सहकारी महासंघका अध्यक्ष केशवप्रसाद बडालको टिप्पणी | १४ |

| | |
|---|---|
| गरीबी निवारण तथा सहकारी विकास मन्त्रालयकी राज्यमन्त्री चम्पादेवी खड्काको मन्तव्य | १५ |
| गोपीनाथ मैनाली, सचिव, गरीबी निवारण तथा सहकारी मन्त्रालय | १५ |
| सहभागीहरूको सुझाव तथा प्रतिक्रिया | १५ |
| प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव फणीन्द्र गौतमको टिप्पणी | १९ |
| सहभागीको जिज्ञासामा माधव पौडेलको जवाफ | २० |
| सहभागीको जिज्ञासामा गौरीबहादुर कार्कीको जवाफ | २० |
| सहभागीको जिज्ञासामा केशव बडालको टिप्पणी | २० |
| परियोजना संयोजक प्रकाश घिमिरेको धन्यवाद मन्तव्य | २१ |
| निष्कर्ष तथा सुझाव | २२ |
| नीतिगत सुझाव | २२ |
| कार्यसञ्चालनसम्बन्धी सुझाव | २२ |
| नियमनसम्बन्धी सुझाव | २२ |
| अनुसूची – १ | २४ |
| कार्यक्रममा छलफल गरिएको माधव प्रसाद पौडेलको प्रस्तुति | २४ |
| कार्यक्रममा छलफल गरिएको गौरीबहादुर कार्कीको प्रस्तुति | ३६ |
| अनुसूची – २ | ४० |
| सहभागीहरूको नामावली | ४० |

## कार्यकारी सारांश

भ्रष्टाचारविरुद्धको महासन्धिको पक्षराष्ट्र भएको हैसियतले नेपालले महासन्धिको अनुपालन हुने गरी कानून निर्माण र संशोधन गर्नुपर्ने हुन्छ । त्यसैलाई ध्यानमा राख्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कानून निर्माणका क्रममा सरोकारवालाहरूसागको छलफललाई महत्त्वपूर्ण ठानेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको यस कार्यलाई सघाउ पुग्ने गरी गभर्नेन्स फसिलिटी (Governance Facility) को सहयोगमा डिभेलोपमेन्ट कम्युनिकेसन सोसाइटी नेपाल (सोडेक नेपाल) र नेपाल सेन्टर फर कन्टेम्पोररी रिसर्च (एनसिसिआर) सँगको सहकार्यमा सेन्टर फर मिडिया फ्रिडम (सीएमएफ) ले २०७४ असोज २ गते एक कार्यशाला गोष्ठी आयोजना गरेको थियो । सहकारी क्षेत्रका क्षेत्रका प्रतिनिधिहरू संलग्न उक्त गोष्ठीका सहभागीहरूले दिएका सुझावलाई समेटेर यो सामग्री तयार पारिएको हो । सहभागीहरूले मुख्यतया सहकारीलाई राम्रो र मर्यादित बनाउने विषयमा अनकाकको अनुपालनसम्बन्धी बहसको थालनी गरिनुपर्ने, सहकारी क्षेत्रले भोगिरहेका समस्यालाई समाधान गर्ने कानूनहरू बनाउने, सहकारीलाई पारदर्शी र जवाफदेही बनाउन स्थानीय सरकारको भूमिका स्पष्ट पार्ने, सहकारी क्षेत्रमा अपरेसनल अडिट गर्नुपर्ने, गरीबकहाँ गएर बचत चाहिं उठाउने तर उनीहरूलाई शेयर सदस्य नबनाउने परिपाटीको अन्त्य गर्नुपर्ने, डिभिजन सहकारी स्थानीय तहमा पुग्दा तिनको भूमिका प्रस्ट पार्ने, राज्यले सहकारी क्षेत्रहरूलाई उत्पादनमूलक क्षेत्रमा लगाउनका लागि प्रेरित गर्नुपर्ने लगायतका सुझाव दिएका थिए ।

# कृतज्ञता

यो पुस्तिका तयार पार्नका लागि अनेकौं संस्था तथा व्यक्तिहरूको योगदान रहेको छ। सेन्टर फर मिडिया फ्रिडमको निमन्त्रणालाई स्वीकार गरेर परामर्श कार्यशालामा उपस्थित भई आफ्ना अमूल्य सुझाव तथा सल्लाह दिनुहुने सबै सहभागीहरूप्रति हामी कृतज्ञ छौं।

त्यस्तै यो कार्यक्रमको अवधारणा तयार पार्ने सन्दर्भमा निरन्तर छलफलमा सहभागी भई यसको सफलताका लागि योगदान पुऱ्याउने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई धन्यवाद दिन्छौं। विशेषगरी सहसचिव श्री फणीन्द्र गौतमको योगदान अतुलनीय छ।

त्यस्तै, भ्रष्टाचार नियन्त्रणमा नागरिक संलग्नता सुदृढीकरण (स्ट्र्याक) परियोजनाको नेतृत्वदायी संस्था विकास सञ्चार समाज (सोडेक नेपाल) लाई हामीसँगको सहकार्यका लागि विशेष धन्यवाद दिन्छौं। परियोजना निर्देशक डा. पीयूष मिश्रप्रति अभिभावकत्व दिँदै सही दिशानिर्देश गर्नुभएकोमा आभार प्रकट गर्दछौं। परियोजनाको अर्को साझेदार नेपाल सेन्टर फर कन्टेम्पोररी रिसर्च (एनसीसीआर) प्रति पनि हामी कृतज्ञ छौं।

परियोजनालाई आर्थिक सहायता उपलब्ध गराउने गभर्नेन्स फसिलिटीलाई पनि आभार व्यक्त गर्दछौं।

पुस्तकको आवरण तथा लेआउट डिजाइन तथा मुद्रण गर्ने सिग्देल प्रेसलाई पनि मुरीमुरी धन्यवाद।

## पृष्ठभूमि

नेपाल पक्षराष्ट्र रहेको भ्रष्टाचारविरुद्धको महासन्धि (अनकाक) को अनुपालन हुने गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कानून र नीतिहरू तर्जुमा गरिरहेको छ। अनकाक अनुपालनसम्बन्धी नेपालको फोकल प्वाइन्ट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नै हो।

अनकाकअनुरूप कानून बनाउँदा भ्रष्टाचारविरुद्ध अनुसन्धान तथा कारवाही सिफारिश गरिरहेको संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगको दायरामा वृद्धि हुनेछ। अहिले अख्तियारको दायरा भ्रष्टाचारको सम्भावना रहेका ४० प्रतिशत क्षेत्रमा सीमित छ र बाँकी ६० प्रतिशत क्षेत्रमा यसको पहुँच छैन। त्यस ६० प्रतिशत क्षेत्रमा बैंक तथा बीमा लगायतका वित्तीय संस्था, सहकारी अनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी क्षेत्र पर्दछन्। अनकाक कार्यान्वयनमा आएपछि अख्तियारको दायरा फराकिलो हुनेछ र नेपालले सन्धिजनित दायित्वका रूपमा रहेको भ्रष्टाचारविरुद्धको कारवाहीलाई तीव्र बनाउन मद्दत पुग्नेछ।

तर अनकाक अनुपालन गराउनका लागि विभिन्न नयाँ कानून निर्माण तथा विद्यमान कानूनको संशोधन आवश्यक हुन्छ। यसै सन्दर्भमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यसै अनुरूप कानून र नीतिहरू तर्जुमा गरिरहेको हो। कानून बनाउने क्रममा सरोकारवालाहरूसँगको व्यापक छलफल आवश्यक हुन्छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निजी क्षेत्रका सरोकारवालाको सकारात्मक सल्लाह तथा सुझाव आवश्यक ठानेको छ।

यसै क्रममा सुशासनको क्षेत्रमा काम गरिरहेको सेन्टर फर मिडिया फ्रिडम (सीएमएफ)ले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँगको समन्वयमा निजी वित्तीय क्षेत्र, सहकारी र गैरसरकारी संस्थासाग अनकाकका विषयमा अन्तर्क्रिया गर्ने प्रस्ताव राखेको हो। भ्रष्टाचार विरुद्धको प्रयासमा नागरिक संलग्नता सुदृढीकरण परियोजना अन्तर्गत गभर्नेन्स फसिलिटीको सहयोगमा डिभेलोपमेन्ट कम्युनिकेसन सोसाइटी नेपाल र नेपाल सेन्टर फर कन्टेम्पोररी रिसर्चसँगको सहकार्यमा सीएमएफले तीनवटा कार्यशाला गोष्ठी आयोजना गर्ने योजना रहेकोमा दोस्रो गोष्ठी २०७४ असोज २ गते सञ्चालन गरेको थियो। सहकारी क्षेत्रका प्रतिनिधिहरूसँग गरिएको उक्त गोष्ठीका सहभागीहरूले दिएका प्रतिक्रिया, सल्लाह र सुझावलाई समेटेर यो पुस्तिका तयार पारिएको हो।

## नेपालमा सहकारी : इतिहासदेखि वर्तमानसम्म

### सहकारीको शुरूवात

विश्वमा सन् १८४४ मा शुरु भएको सहकारी नेपालमा भने त्यसको एकसय वर्षभन्दा पछि विसं २०१३ सालमा विधिवत रूपमा सञ्चालनमा आएको देखिन्छ यद्यपि दर्ता भएर शुरू भएको सहकारीभन्दा पहिले पनि सहकारिताका अनौपचारिक अभ्यासहरू नेपालमा धेरै पहिलेदेखि नै थिए। शुरूमा दर्ता भएर सञ्चालनमा आएका सहकारीहरू कृषि विकासदेखि बाढीपीडितहरूलाई राहत बाँड्ने उद्देश्यले स्थापना भएका थिए।

नेपालमा सहकारीको छ दशकको इतिहास पार गर्दा अहिले बचत तथा ऋण, बहुउद्देश्यीय, चिया, कफी लगायतका झण्डै डेढ दर्जनभन्दा बढी किसिमका सहकारीहरू सञ्चालनमा छन्। वि. सं. २०१३ सालमा आएको नेपालको पहिलो पञ्चवर्षीय योजनामा नै सहकारीलाई ग्रामीण विकासको एक अभिन्न अंगका रूपमा जोड्दै उक्त योजना अवधिमा साढे चार हजारभन्दा बढी सहकारी संस्थाहरू खोल्ने लक्ष्य राखिएको थियो। यसबाट पनि स्पष्ट हुन्छ कि शुरूदेखि नै नेपालको विकास प्रक्रियाको महत्त्वपूर्ण पाटोको रूपमा सहकारीलाई राज्यले स्वीकार गर्दै आएको छ।

नेपालका हरेक आवधिक योजनामा सहकारी विकासका कुराहरू उल्लेख हुँदै आएको छन्। तल्लो तहमा नै वास्तविक सहभागिताको विकास अभ्यास गर्ने तथा प्रजातान्त्रिक मूल्यमान्यतालाई आत्मसात गर्दै पारदर्शिता र जवाफदेहिताको संस्कारबाट समाज रूपान्तरण गर्ने औजारको रूपमा सहकारीलाई लिइने गरिन्छ। त्यसैले नेपालमा प्रजातन्त्र आएपछि सहकारीको शुरुवात हुनुलाई प्रजातान्त्रिक अभ्यास एउटा पाटोको रूपमा पनि लिन सकिन्छ।

### साझामा परिणत

प्रजातान्त्रिक समयमा शुरू भएको सहकारीलाई पञ्चायतले पनि विकास विस्तारको महत्त्वपूर्ण औजारका रूपमा प्रयोग गरेको पाइन्छ। यसैक्रममा वि. सं. २०३० पछि नेपालको पाँचौं योजनामा सहकारीलाई व्यापकता दिने उद्देश्यले तत्कालीन पञ्चायतले साझा कार्यक्रमको नामबाट सहकारी सञ्चालन गरेको थियो। सहकारी साझा कार्यक्रमको नाममा रूपान्तरित भएपछि एक हजार आठ सयभन्दा बढी गाउा पञ्चायत छनौट गरी एक हजार एकभन्दा बढी सहकारीमार्फत आठ लाखभन्दा बढी मानिसहरूसमक्ष पु–याइयो।

सहकारीलाई साझा अभियानमा परिणत गरेपछिको एक वर्षमा सहकारीको संख्या २९३ बाट बढेर एक हजार ५३ पुगेको थियो भने सदस्य संख्या ९३ हजारबाट आठ लाखभन्दा बढी पुगेको थियो। यो तथ्यले के स्पष्ट पार्छ भने पञ्चायतले सहकारीलाई साझामार्फत निर्दलीय राजनीतिक व्यवस्था टिकाउने अस्त्रका रूपमा पनि प्रयोग गरेको थियो। तर साझाले यसको औपचारिक उद्देश्य भने कर्जा प्रवाह, बजारीकरण र अन्य सहयोगबाट किसानहरूको उत्पादन वृद्धि राखेको थियो। त्यसैले साझा अभियान कृषिमा केन्द्रित भएको पाइन्छ।

### पुनः सहकारी

विसं २०४६ सालमा प्रजातन्त्रको पुनबर्हालीपछि सहकारीलाई महत्त्व दिँदै नयाँ ऐन ल्याइयो र सहकारीलाई  सञ्चालनको स्वतन्त्रता पनि दिइयो । प्रजातान्त्रिक समाज र सहभागितामूलक विकासमा योगदान गर्न सक्छन् भन्ने सोचका साथ अघि सारिएको सहकारी आन्दोलन यसपछि आर्थिक गतिविधिमा केन्द्रित भएको देखिन्छ। सहकारीको विकासलाई व्यवस्थित र सहजीकरण गर्न संस्थागत संरचनामा पनि विकास र विस्तार गरियो।

नेपालको संविधान २०७२ ले सहकारीलाई स्थानीय, प्रादेशिक र संघीय सरकारको समेत क्षेत्राधिकारभित्र राखेअनुसार सोहीबमोजिम २०७४ सालमा नयाँ सहकारी ऐन पनि आएको छ । यस दृष्टिले सञ्चालन, नियमन र विस्तारमा समेत नेपालको सहकारी फेरि अर्को अध्यायमा प्रवेश गरेकोले अब सहकारी नयाँ तरिकाले अघि बढ्ने देखिएको छ।

### नेपालको सहकारीको वर्तमान अवस्था

हाल नेपालमा ३४ हजारभन्दा बढी सहकारीहरू दर्ता भई सञ्चालनमा छन्, जसमा ६३ लाखभन्दा बढी सदस्यहरू आबद्ध छन्। त्यसमध्ये आधाभन्दा बढी संख्या महिलाको छ। सहकारीले ३ खर्ब रुपैयाँभन्दा बढी निक्षेप संकलन गरेका छन् भने पौने तीन खर्ब रुपैयाँको ऋण परिचालन गरेका छन् । उनीहरूको यो वित्तीय अवस्थालाई हेर्दा देशको कुल वित्तीय कारोबारमा सहकारीको हिस्सा करीब २० प्रतिशतको हाराहारीमा रहेको छ । यति ठूलो आर्थिक कारोबार गर्ने क्षेत्र भएकाले सहकारीको नियमन तथा अनुगमन र सञ्चालनका लागि स्पष्ट नीति तथा त्यसको प्रभावकारी कार्यान्वयन अति आवश्यक छ।

नेपाल सरकारले चौधौं योजनामा सरकारी र निजी क्षेत्र पुग्न नसकेका क्षेत्रको आर्थिक–सामाजिक विकासमा सहकारी क्षेत्रको योगदान रहन्छ भन्दै सहकारी क्षेत्रलाई लघुवित्त कारोबारसँगै उत्पादन, बजारीकरण र सेवा प्रवाहमा संलग्न गराई उत्पादनमूलक कार्यमा सक्रिय गराउनुपर्ने आवश्यकता रहेको भनी उल्लेख गरेको छ। यसले छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान दिन सक्छ भन्ने कुरालाई उक्त चौधौं योजनाले उल्लेख गरेको छ। सँगसँगै सहकारीमा आम नागरिकको ठूलो आर्थिक कारोबार हुने भएकाले बचतकर्ताको पैसाको सुरक्षा सुनिश्चितता, वित्तीय पारदर्शिता, आर्थिक अनुशासन र यसको सदुपयोगका लागि राज्यले सोहीअनुसारको नीतिगत, संस्थागत र संरचनागत व्यवस्थापनका लागि सजगता अपनाउनु आवश्यक छ भन्ने प्रसंग पनि आउने गरेको छ।

यसका लागि सरोकारवाला क्षेत्रबाट सुझाव, दबाब र अपेक्षाहरू व्यक्त भएका पनि छन्। यसै क्रममा नेपालले सम्पत्ति शुद्धीकरणको सवाललाई महत्वका साथ विशेष किसिमले सम्बोधन गरिएकाले सहकारीमार्फत हुने आर्थिक कारोबारलाई पनि सम्पत्ति शुद्धीकरणको छानबिन र अनुसन्धानको दायरामा ल्याइसकेको छ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ र सोअन्तर्गत बनेका नियमावलीको प्रावधानअन्तर्गत सहकारी संस्थाहरूमा हुने वित्तीय कारोबारको स्वच्छता एवं पारदर्शिता कायम गरी सहकारी वित्तीय प्रणालीलाई सम्पत्ति शुद्धीकरणको दायराभित्र ल्याउनका लागि सरकारले सहकारी सङ्घसंस्थालाई सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी निर्देशन, २०७४ जारी गरिसकेको छ ।

संयुक्त राष्ट्रसंघीय भ्रष्टाचारविरुद्धको महासन्धिले भ्रष्टाचार न्यूनीकरण गर्न छानबिन तथा अनुसन्धानका लागि निजी क्षेत्रलाई समेत ल्याउनुपर्ने प्रावधान राखेको छ । नेपाल पनि यो महासन्धिको हस्ताक्षरकर्ता मुलुक भएकाले गैरसरकारी संघसंस्था, बैंक तथा वित्तीय संस्था जस्तै सहकारी संघसंस्थाहरूलाई पनि यसको दायरामा ल्याउनुपर्छ भन्ने एउटा बहस शुरू भएको छ ।

उक्त महासन्धिले परिकल्पना गरेको सार्वजनिक क्षेत्रजस्तै भ्रष्टाचारको छानबिन दायरामा सहकारीलाई ल्याउनुपर्छ वा पर्दैन ? यसलाई कसरी पारदर्शी, जवाफदेही र स्वच्छ वित्तीय संस्थाका रूपमा विकास गर्न सकिन्छ भन्ने सवालमा सम्बन्धित निकाय र सरोकारवालाहरूको बीचमा गहन छलफलको आवश्यकता सर्वत्र महसूस भएको छ । यही आवश्यकतालाई मध्यनजर गर्दै संयुक्त राष्ट्रसंघीय भ्रष्टाचारविरुद्धको महासन्धिको भावनाअनुसार नेपालको सहकारीलाई विश्वासिलो, पारदर्शी र आर्थिक अनुशासनमा राख्न आगामी दिनमा सहकारीसम्बन्धी नीति केकस्ता बनाउने, यसको नियमन कसरी गर्ने तथा नीतिले व्यवस्था गरेको प्रावधानको कसरी कार्यान्वयन गर्ने भन्नेबारेमा  सुझाव संकलन गर्ने उद्देश्यले अनकाक अनुपालन हुने गरी सहकारी क्षेत्रमा सुशासन, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन विषयक एकदिने कार्यशाला आयोजना गरिएको हो ।

## कार्यक्रमको उद्देश्य

- अनकाक अनुपालनका लागि नीतिनिर्माणमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सहयोग गर्ने,
- अनकाक अनुपालन हुने गरी सहकारी क्षेत्रमा सुशासन, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनसम्बन्धी बहसको थालनी गर्ने,
- राज्यका निकाय तथा नागरिक समाजबीचको संवादलाई बलियो बनाउने,
- भ्रष्टाचारविरुद्ध नागरिक संलग्नतालाई सुदृढ गर्ने ।

## कार्यविधि

राज्यका नियमनकारी निकाय र गैरसरकारी संस्थाहरूसागको अन्तर्क्रिया गोष्ठीका लागि नेपाल कानून आयोगका अध्यक्ष श्री माधव प्रसाद पौडेललाई अनकाक र निजी क्षेत्रमा यसको अनुपालनका सम्बन्धमा अनुसन्धानमूलक कार्यपत्र तयार पार्नका लागि अनुरोध गरिएको थियो । अनकाक बनाउने बेलादेखि नै संयुक्त राष्ट्रसंघका विभिन्न बैठकहरूमा नेपालको प्रतिनिधित्व गर्नुभएका पौडेलले यस विषयमा दक्षता राख्ने भएकाले उहाँलाई कार्यपत्र तयार गर्ने दायित्व दिइएको हो । त्यस्तै, विशेष अदालतका पूर्वअध्यक्ष तथा संकटमा परेका सहकारीहरूको जाँचबुझ गर्न बनेको उच्चस्तरीय आयोगका संयोजक श्री गौरीबहादुर कार्कीलाई सहकारी क्षेत्रका समस्या र उनीहरूले अनकाक अनुपालनका लागि के कस्तो भूमिका निर्वाह गर्न सक्छन् भन्ने विषयमा कार्यपत्र प्रस्तुत गर्न अनुरोध गरिएको थियो ।

त्यसपछि सहकारी संस्थाका प्रतिनिधिहरूलाई कार्यशाला गोष्ठीमा सहभागी हुनका लागि निमन्त्रणा गरिएको थियो । गोष्ठीमा कुल ७५ सहभागीहरूको उपस्थिति थियो । विशिष्ट अतिथिका रूपमा गरीबी निवारण तथा सहकारी विकास मन्त्रालयकी राज्यमन्त्री चम्पादेवी खड्का तथा उक्त मन्त्रालयका सचिव गोपीनाथ मैनालीको उपस्थिति रहेको थियो ।

शुरुमा श्री माधव प्रसाद पौडेलले प्रस्तुति दिनुभएको थियो । त्यसपछि श्री गौरीबहादुर कार्कीको प्रस्तुति थियो । दुई प्रस्तुतिपछि सीएमएफका संस्थापक अध्यक्ष वरिष्ठ पत्रकार ध्रुवहरि अधिकारीले अन्तर्क्रिया कार्यक्रमको सहजीकरण गर्नुभएको थियो । उहाँले फ्लोर ओपन गरेपछि सहभागीहरूको प्रतिक्रिया तथा सुझावहरू आएका थिए । त्यसपछि प्रस्तोताहरूले सहभागीहरूको जिज्ञासा समाधानस्वरूप मन्तव्य दिनुभएको थियो । दुवै प्रस्तुति र सहभागीहरूको प्रतिक्रियालाई संक्षेपीकृत रूपमा प्रस्तुत गरिएको छ ।

## मूल सवाल

सहकारी क्षेत्रको समस्या र अनकाक अनुपालन हुने गरी सहकारी क्षेत्रमा सुशासन, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्ने सम्बन्धमा उठेका केही मूल सवालहरूमा कार्यशाला गोष्ठीको छलफल केन्द्रित थियो । यी मूल सवालहरूमाथिको घनीभूत छलफलपछि सहभागीहरूबाट यी सवालहरूलाई सम्बोधन गर्ने गरी सुझाव संकलन गरिएको थियो । विशेषगरी ती सवाललाई नीतिगत सवाल, कार्यसञ्चालनसम्बन्धी सवाल र नियमनसम्बन्धी सवालका आधारमा विभाजन गरिएको थियो जुन देहायबमोजिमका छन् ।

### नीतिगत सवाल

- सहकारी क्षेत्रलाई अनकाकको दायरामा ल्याउनका लागि नीतिनिर्माण
- उत्पादनमूलक सहकारीलाई प्रोत्साहन नीति

### कार्यसञ्चालनसम्बन्धी सवाल

- सहकारीका प्रमुख समस्या पहिचान
- सञ्चालन नियमावली निर्धारण
- उद्देश्य, कार्य लक्ष्य, कार्यक्रमको सुस्पष्ट व्यवस्था
- अपरेसनल अडिटको व्यवस्था
- ब्याजदर निर्धारण

### नियमनसम्बन्धी सवाल

- दण्डनीय अपराधमा उचित सजाय विधान
- नियामक निकायहरूलाई प्रभावकारी रूपमा परिचालन
- सहकारी नियमनमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको भूमिका
- सहकारीमा पारदर्शिताका लागि स्थानीय निकायको भूमिका
- अनुत्पादक पूँजी नियमनको व्यवस्था
- डिभिजन सहकारीको भूमिका
- सहकारी दर्तामा सहजताको व्यवस्था

माथि उल्लेखित मूल सवालहरूमा केन्द्रित रही गहन छलफल चलेको थियो । यिनै सवालका आधारमा सहभागीहरूले सुझाव तथा निष्कर्ष दिएका थिए जसलाई पुस्तिकाको पुछारमा उल्लेख गरिएको छ ।

## अनकाक र सहकारी क्षेत्र : माधव पौडेलको प्रस्तुति



माधव प्रसाद पौडेल
अध्यक्ष, नेपाल कानून आयोग

संयुक्त राष्ट्रसंघले संसारमा स्थायित्व, विधिको शासन, मानवअधिकार कार्यान्वयन र अपराध न्यूनीकरण गर्नका लागि भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय महासन्धिको विकास गरेको हो । यो महासन्धि ल्याउनुको उद्देश्य भनेको भ्रष्टाचार जस्तो गम्भीर अपराध निर्मूल पार्न एउटा राष्ट्रको संलग्नता मात्र पर्याप्त हुँदैन, यसमा सबै मुलुकको समान सहभागिता हुनुपर्छ भन्ने हो । अनकाक बहुपक्षीय सन्धि हो र यसमा अहिलेसम्म १८३ राष्ट्रहरू पक्ष बनिसकेका छन् ।

भ्रष्टाचार नियन्त्रणका लागि महत्त्वपूर्ण विधिहरूले यसले सुझाएको छ । भ्रष्टाचारलाई फौजदारी अपराध बनाउनुपर्ने, कसूरदार भागेर अर्को देशमा लुक्न गएमा निजलाई फिर्ता गर्नुपर्ने, मुद्दा र म्याद तामेली जस्ता कुरामा सहयोग गर्नुपर्ने, जुन देशमा भ्रष्टाचार भएको छ त्यही देशमा फिर्ता गरेर मुद्दा अघि बढाउनुपर्ने लगायतका प्रावधान यसले राखेको छ ।

यसरी हेर्दा अनकाक भ्रष्टाचारविरुद्धको महत्त्वपूर्ण लिखत हो । यो महासन्धिले भ्रष्टाचार नियन्त्रणमा नागरिक र मिडियाको सहभागिताको पनि व्यवस्था गरेको छ ।

सन् २०११ मा नेपाल यसको पक्षराष्ट्र भएको हो ।

महासन्धिले सबै राष्ट्रलाई भ्रष्टाचार नियन्त्रणका लागि निवारणात्मक उपाय अपनाउनुपर्ने र त्यसका लागि आवश्यक संवैधानिक र कानूनी व्यवस्था गर्नुपर्ने बताउँछ । दोस्रो, भ्रष्टाचार जन्य क्रियाकलापलाई फौजदारी अपराध बनाउनुपर्ने, त्यसको अनुसन्धान तहकिकातको व्यवस्था गर्नुपर्ने, मुद्दा दायर गरेर अभियोजन गर्नुपर्ने अनि उपयुक्त अदालतले निर्णय गर्नुपर्ने दायित्व पनि महासन्धिले पक्षराष्ट्रलाई दिन्छ । यसका लागि अन्तर्राष्ट्रिय सहयोगको पनि व्यवस्था गरिएको छ, जस्तै सुपूर्दगी र पारस्परिक कानूनी सहायता ।

अर्को सबभन्दा महत्त्वपूर्ण व्यवस्था भ्रष्टाचार गरेर जोडेको सम्पत्तिलाई अर्को देशमा राख्ने गरिएकोमा त्यसलाई फर्काउने अर्थात् एसेट रिकभरीको व्यवस्था महासन्धिले गरेको छ । भ्रष्टाचार भएको देशमा सम्पत्ति फर्काउने संयन्त्र पनि यसमा छ ।

यस महासन्धिमा तीन किसिमका मान्यताहरू छन् । यसमा बाध्यात्मक, कम बाध्यात्मक र स्वैच्छिक तीनवटा व्यवस्था गरिएका छन् । एउटा बाध्यात्मक रूपमा राज्यहरूले पालना गर्नुपर्ने मान्यता, कम बाध्यात्मक र गर्न पनि सक्ने वा नगर्न पनि सक्ने मान्यताका कुराहरू यसमा छन् । महासन्धिले तीनवटा क्षेत्रलाई भ्रष्टाचारको सम्भावित क्षेत्रका रूपमा मानेको छ : सार्वजनिक क्षेत्र, निजी क्षेत्र र राजनीतिक दल । यी तीनैवटा क्षेत्रको भ्रष्टाचार निवारणका लागि प्रयत्न गर्नुपर्ने महासन्धिले बाध्यात्मक व्यवस्था गरेको छ ।

महासन्धिको पक्षराष्ट्र भइसकेपछि राज्यहरूले आफ्नो कामकारवाहीमा पारदर्शिता अपनाउनुपर्ने, विधिको शासन कायम गर्नुपर्ने, सार्वजनिक पद धारण गरेको प्रत्येक व्यक्तिको जवाफदेहिता निर्धारण गर्नुपर्ने र सुशासन दिनुपर्ने हुन्छ ।

निजी क्षेत्रका कम्पनीहरूले पनि आफ्नो फर्मको कर्पोरेट गभर्नेन्स कायम राख्नुपर्ने र उनीहरूले त्यसरी राखेका छन् कि छैनन् भनी राज्यले निगरानी गर्नुपर्ने व्यवस्था पनि महासन्धिले राखेको छ।

भ्रष्टाचार के हो भन्ने कुरा देशको कानूनपिच्छे फरक व्याख्या गरिएको हुन्छ। तर केही काम जस्तै घूस वा रिश्वत लिने, सार्वजनिक सम्पत्तिको हिनामिना, प्रभाव पारेर कामकारवाही गराउने, आफ्नो अधिकारको दुरुपयोग गर्ने विषय, अनुचित रूपमा अकूत सम्पत्ति जम्मा गर्ने विषय, सम्पत्ति शुद्धीकरण जस्ता विषयलाई अपराधको रूपमा परिभाषित गर्नैपर्छ।

सहकारी पनि निजी क्षेत्रमा पर्छ। त्यसो त हाम्रो संविधानले सहकारीका लागि छुट्टै व्यवस्था गरेको छ।

महासन्धिले रिश्वत दिने कुरा निजी क्षेत्रमा भएपनि यसलाई अपराधकै रूपमा परिभाषित गर्नुपर्ने बताएको छ। कानूनी व्यक्तित्वको पनि जिम्मेवारी हुनुपर्ने व्यवस्था पनि गरिएको छ। स्वार्थ बाझिएको विषय, सुशासनको विषय, पारदर्शिता कायम गर्नुपर्ने, कार्यविधि पालन गर्नुपर्ने कुरा महासन्धिले व्यवस्था गर्छ। लेखा नराख्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने, खर्च नभएकोलाई खर्च शीर्षकमा राख्ने अनि फर्जी बिल राख्नेलाई कसूर बनाउनुपर्ने, तीनथरी खातापाता राख्न नपाउने र चन्दा दिएकोमा करकट्टी गराउन नपाउने व्यवस्था गरेको छ।

पुरातन विधिशास्त्रअनुसार, अपराध कानूनी व्यक्तिले गर्दैन, फिजिकल पर्सनले मात्र गर्छ भनिन्छ। संस्थाले अपराध गर्दैन भनिन्छ। तर आधुनिक विधिशास्त्रले दुवै पक्ष प्राकृतिक व्यक्तिका साथसाथै कर्पोरेट लायबिलिटी पनि हुन्छ भन्छ। संगठित अपराधका लागि कर्पोरेट लायबिलिटी हुन्छ भन्ने व्यवस्था नेपालमा छ।

सजायका स्वरूप फरक छन्। कर्पोरेट अपराधीलाई कालोसूचीमा राख्ने, उसलाई सार्वजनिक खरिदमा सहभागी नगराउने, कठोर जरिवाना लगाउने, लाइसेन्स फिर्ता गर्ने, दर्ता खारेज गरेर विघटन गर्ने सजाय पनि व्यवस्था गरिएको छ। यो कुरा सहकारी क्षेत्रमा लागू गरेका छैनौं।

निजी क्षेत्रको भ्रष्टाचारलाई नेपालमा अपराधीकरण गरिएको छैन। भ्रष्टाचार निवारण ऐन २०५९ ले सार्वजनिक क्षेत्रलाई समेटेको छ। निजी र सार्वजनिक क्षेत्रको भ्रष्टाचारमा आधारभूत फरक हुनुपर्छ।

महासन्धिले बाध्यात्मक व्यवस्था भनेर औंल्याएको कुरालाई पक्षराष्ट्र भएको भोलिपल्टै आवश्यक सञ्चालन व्यवस्था गर्नुपर्छ।

लेस म्यान्डेटोरी भनेर निजी क्षेत्रमा पाँच वर्षपछि लागू हुनुपर्ने तयारी गर्नुपर्छ।

त्यसको आधारमा हेर्दा केही कानूनी व्यवस्था भएका छन्। केही नीतिगत तथा केही सैद्धान्तिक व्यवस्था भएका छन्। तर यी सबै सार्वजनिक क्षेत्रको हकमा लागू भएका हुन्।

सहकारी ऐन सुधारका लागि पनि सिफारिशहरू गरिएका छन्। त्यसको विधेयक संसद्मा विचाराधीन छ। त्यसमा अनकाकको मर्म राखिएको हुनुपर्छ।

राष्ट्र बैंकको फाइनान्सियल इन्टेलिजेन्स युनिटले शंकास्पद कारोबारको निगरानी गर्छ अनि बचत तथा ऋणको क्षेत्रमा काम गर्ने सहकारी पनि यसको दायरामा आइसकेको छ।

अनकाक कार्यान्वयन गर्ने क्रममा चुनौतीहरू छन्। हाम्रो कानूनले सार्वजनिक क्षेत्रलाई मात्रै हेरेको छ। राजनीतिक दलको फन्डलाई कसरी हेर्ने ? त्यसलाई बाध्यात्मक रूपमा सार्वजनिक गर्ने व्यवस्था गरिएको छैन। कानूनी व्यक्तिको दायित्व कसरी निर्धारण गर्ने भन्ने चुनौती पनि छ।

हाम्रो कानून कार्यान्वयन पद्धति चुनौतीपूर्ण छ। हामी कानून त राम्रो बनाउँछौं तर कार्यान्वयनमा चुक्छौं।

हामीले निजी क्षेत्रको भ्रष्टाचारलाई परिभाषित गर्नुपर्ने चुनौती छ। निजी क्षेत्रमा रामराज्य छैन। सहकारी क्षेत्रमा पनि विकृति छ। त्यसलाई सम्बोधन गर्नका लागि कानून बनाउनुपर्नेछ।

भ्रष्टाचारको अनुसन्धान गर्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोग हो। त्यसले निजी क्षेत्रलाई छुन पाउँदैन। त्यसैले एउटा छुट्टै संस्था चाहिन्छ होला।

अहिले भएका कानूनलाई पुनरवलोकन गर्नुपर्ने हुन्छ। पहिलो चरणमा सर्वसाधारणको पैसा चलाउने बैंकिङ र सहकारी क्षेत्रलाई कानूनको दायरामा ल्याउनुपर्ने हुन्छ। दोस्रो चरणमा चाहिं बाँकी रहेका निजी क्षेत्रका कम्पनीहरूलाई कानूनको दायरामा ल्याउनुपर्ने हुन्छ।

तर अनकाक लागू गर्दा धेरै सावधानी अपनाउनुपर्ने हुन्छ। लागू गर्ने क्रममा धेरै त्रुटिहरू हुन सक्छन्। यसका लागि छुट्टै अनुसन्धान अधिकारी र अदालत पनि आवश्यक हुन सक्छ। अहिलेको विशेष अदालतमा बेन्च थपेर काम अघि बढाउन पनि सकिन्छ। यसका लागि सार्वजनिक क्षेत्रले नागरिक समाजसँग मिलेर काम गर्नुपर्ने हुन्छ।

## भ्रष्टाचारविरुद्धको महासन्धिका सन्दर्भमा नेपालमा सहकारीको स्थिति : गौरीबहादुर कार्कीको प्रस्तुति



भ्रष्टाचारविरुद्धको हाम्रो संविधानले तीनखम्बे अर्थनीतिको परिकल्पना गरेको छ : सार्वजनिक क्षेत्र, निजी क्षेत्र र सहकारी क्षेत्र । तर सहकारीको भूमिका के हो भन्ने चाहिँ उल्लेख पाइँदैन ।

अलिकति सहकारीको इतिहासमा जाऔं । सहकारीको शुरुवात २०१० सालमा भएको देखिन्छ । अनि २०४८ अघि यसलाई साझा भनिन्थ्यो, त्यतिखेरदेखि नाम परिवर्तन गरेर सहकारी भन्न थालियो ।

२०४८ अघि ८०० वटा जति सहकारी संस्था रहेकोमा अहिले आएर लगभग ३३,००० वटा सहकारी संस्था रहेका छन् । त्यसमध्ये ऋण र बचतको काम गर्ने मात्रै १३,००० वटा सहकारी संस्था छन् ।

सहकारिता भनेको व्यक्तिहरूबीचको सहकार्य मानिन्छ । समुदायमा व्यक्तिहरूसाग छरिएर रहेको साधनस्रोत एकीकृत गरी सामूहिक रूपमा काम गर्ने र लगानी तथा योगदान अनुसारको प्रतिफल प्राप्त गर्ने आर्थिक तथा सामाजिक पद्धतिलाई सहकारिता भनिन्छ । सहकारीमा प्रत्येक प्राकृतिक सदस्यको व्यक्तिगत रूपमा सहभागिता हुन्छ ।

ग्रामीण क्षेत्रका सहकारीहरूले उत्पादनमूलक क्षेत्रमा लगानी गरेकाले उनीहरू सफल छन् । शहरी क्षेत्रमा भने सहकारी संस्थाको बाढी नै छ । एउटै घरमा तीनतीनवटा सहकारी संस्था रहेको पनि पाइन्छ । यी जम्मैले बचत र ऋणको काम गर्छन् । यिनीहरूले फाइनान्स कम्पनी र वाणिज्य बैंकले जस्तो गरी काम गरिरहेका छन् ।

यिनीहरूलाई नियमन गर्नका लागि सहकारी विभाग छ र त्यसको शाखा प्रत्येक जिल्लामा छ । तर त्यसले आशानुरूप काम गर्न सकेको देखिँदैन । सहकारीको जालो देशभरि फैलिएको छ अनि नियमन गर्ने निकायहरू निष्क्रिय छन् । उनीहरूलाई भ्रष्टाचारीहरूले खरिद गरिसकेको जस्तो अवस्था छ ।

सहकारीको ऐन नै कमजोर छ अनि नियमनकारी निकायहरू पनि चुप लागेर बसेको अवस्थाले गर्दा सहकारीमा मानिसहरूले पैसा फसाइरहेको देखिन्छ । अठार प्रतिशतसम्म ब्याज दिने भनी सहकारीहरूले सर्वसाधारणलाई आकर्षित गराइरहेको पाइयो । अनि त्यस्ता सहकारीले जग्गामा लगानी गर्ने, जग्गा बेचेर आएको नाफाले सहकारीको ब्याज तिर्ने, तीन तीन महिनामा घरैमा ब्याज बुझाउन जाने गरेको पाइयो ।

बैंकहरूले पनि सहकारीमा लगानी गरेको भेटियो । यो ठीक भएन भनेर राष्ट्र बैंकले लगानीको हद तोकिदियो । हद तोकेपछि सहकारीहरू तासको घर ढलेझैं ढले । तिनीहरूले भोलिपल्टबाट ब्याज दिन सकेनन् । अनि सहकारीमा पैसा राख्ने मानिसहरू पीडितको रूपमा सहकारी मन्त्रालय धाउन थाले ।

यसबाहेक सहकारीहरूले बस व्यवसाय, सिनेमा हल, अपार्टमेन्ट, वायुसेवा जस्ता ठाउँमा लगानी गरे । सहकारी संस्था चलाउनेहरू चाहिँ अर्बपति भए अनि सहकारीमा पैसा राख्नेहरू चाहिँ डुबे । उनीहरू आफ्नो पैसा लगानी नगरिकनै जनताको पैसाबाट अर्बपति भए ।

मेरो अध्यक्षताको सहकारी जाँचबुझ आयोगमा १२,९६२ जनाको उजुरी नै पर्‍यो । कतिले त लाजले उजुरी दिन पनि सकेनन् ।

यस्ता समस्याग्रस्त सहकारी संस्थाको संख्या १३० छ । तिनको उजुरी रकम सात अर्ब साठी करोड असी लाख रुपैयाँ, ब्याज दाबी दुई अर्ब चालीस करोड, सात लाख रुपैयाँ अनि जम्मा दाबी दश अर्ब सतासी लाख रुपैयाँ छ । अनि हाउजिङतर्फ ४८४ वटा उजुरी परेका थिए ।

सहकारीमा यस्तो अवस्था आउनुमा सहकारी सिद्धान्त, व्यवहार र व्यवस्थापनको अन्तिम व्याख्याताको अभाव प्रमुख कारण हो । अनि सहकारी कसरी सञ्चालन गर्ने भन्ने कुनै स्पष्ट नियम पनि छैन । सहकारी विभाग जस्ता नियामक शक्तिको सक्रियताको अभाव रह्‍यो ।

सहकारीले बदमासी गर्दा संस्थाको दर्ता रद्द गर्ने अनि जम्मा १,५०० रुपैयाँ जरिवाना गराउने व्यवस्था रहेछ । तर उनीहरूले मासेको पैसा फिर्ता गराउने कुनै प्रावधान नै रहेनछ । यो स्थिति रहिरहेमा भविष्यमा पनि सहकारीको विकास हुन सक्दैन ।

सहकारीको बदमासीमा अहिले पनि ठगीको मुद्दा लाग्छ । तर मासेर खाएकोलाई न्यायाधिकरणले हेर्ने व्यवस्था गरेमा मुद्दा छिटोछरितो हुन सक्थ्यो । न्यायाधिकरणको व्यवस्थासहितको सहकारी ऐनको मस्यौदा गरेर हामीले सरकारलाई बुझाएका छौं । सहकारी विधेयक अहिले संसद्मा चालू छ ।

त्यस विधेयकमा ६९४ वटा संशोधनहरू प्रस्ताव गरिएको छ । ती संशोधनमा सहकारीलाई अन्य वित्तीय संस्था जस्तो गरी खुला रूपमा छोडिनुपर्छ र कुनै पनि नियमन हुनुहुँदैन अनि सहकारीले मासेर खायो भने पनि कुनै कारवाही हुनुहुँदैन भन्ने प्रावधान राखिएको छ ।

यही सन्दर्भमा भ्रष्टाचारविरुद्धको महासन्धिले सहकारी क्षेत्रलाई कसरी नियमन गराउँछ भनी हेर्नुपर्छ । सहकारी क्षेत्रमा व्यापक घोटाला हुने अनि त्यो निजी क्षेत्र हो भनेर अख्तियार अनुसन्धान दुरुपयोग आयोगले कारवाही गर्न नपाउने स्थिति पक्कै पनि राम्रो होइन । सहकारी संस्थाहरू पारिवारिक रूपमा चलेका छन् ।

अन्य देशमा जम्मा २०० वटासम्म सहकारी संस्था चलेको देखिन्छ भने हाम्रोमा घरैपिच्छे सहकारी संस्था छन् । राम्रो सहकारीलाई सरकारले प्रोत्साहन र अनुदान दिनुपर्छ तर बदमासी गर्नेलाई कारवाही गर्न नपाउने ? नियमनकारी प्रावधानलाई रेट्न खोजिएको छ ।

अनकाकको सन्दर्भमा संयुक्त राष्ट्रसंघजस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले सरकारलाई कडा नियमनका लागि दबाब दिनुपर्छ । सहकारी क्षेत्रलाई पनि अनकाकअन्तर्गत पार्नुपर्छ ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई संवैधानिक आयोग बनाउनुपर्छ । तर सांसदहरू आफ्नो सम्पत्ति पनि तानिएला भनेर आयोग बनाउनै नचाहने स्थिति छ । यसको अन्त्य हुनुपर्छ ।

## राष्ट्रिय सहकारी महासंघका अध्यक्ष केशवप्रसाद बडालको टिप्पणी




अहिले देशभरिमा सहकारीमा ६० लाख शेयर सदस्य छन्, ३३,००० सहकारी संस्था छन् अनि ३२५ वटा जिल्ला समिति छन् ।ती सबैको अभिभावकका हैसियतले म गौरवका साथ भन्छु कि सहकारी क्षेत्रमा भ्रष्टाचारको समस्या गौरीबहादुर कार्कीज्यूले प्रस्तुत गरेजत्तिको भयावह छैन ।

पन्चान्नब्बे प्रतिशत सहकारीले महान् कार्य गरिरहेका छन् । देशको अर्थतन्त्र उकास्नका लागि उनीहरूले त्यागतपस्याका साथ काम गरिरहेका छन् ।

कार्कीज्यूले उल्लेख गरेको ओरिएन्टल सहकारीलाई हामी बेवारिसे सहकारी भन्छौं । हाम्रो सहकारीको परिभाषामै त्यो पर्दैन । त्यसलाई देखाएर सबै सहकारी खराब छन् भन्न मिल्दैन ।

सहकारी क्षेत्रले कुनै पनि किसिमको भ्रष्टाचारलाई सहनुहुँदैन भनी वकालत गर्ने गरेको छ । यस क्षेत्रमा पनि पूर्ण पारदर्शिता हुनुपर्छ भन्नेमा हामी स्पष्ट छौं ।

कार्कीज्यूले जाँचबुझ गर्नुभएको १३० वटा सहकारी संस्थामध्ये एउटाबाहेक कुनै पनि सहकारी सिद्धान्तका आधारमा खुलेका संस्था होइनन् । बदमासी गर्ने ओरिएन्टल सहकारी संस्था राष्ट्रिय सहकारी महासंघमा आबद्ध भएको हैन । सहकारी आन्दोलनको शृंखलामा त्यो गाँसिएको छैन । मकवानपुरको जिल्ला संघमा आबद्ध भएको संस्था चाहिँ जाँचबुझमा दोषी ठहरिएको साँचो हो ।

बदमासी गर्ने सहकारीलाई दण्ड दिने व्यवस्था गरिनुहुँदैन भनेर हामीले कहिल्यै पनि भनेका छैनौं । सहकारी विधेयकले सहकारीलाई गैरसरकारी संस्था जस्तो गरी खुम्च्याउन खोजेकाले हामीले संशोधन प्रस्ताव हालेका हौं । दण्ड विधानलाई हामीले पटक्कै चलाएका छैनौं । सहकारी ऐन छिट्टै आउनुपर्छ भन्ने व्यक्तिहरू हामी हौं । त्यसैले हाम्रो पारदर्शितामा शंका गर्नुहुँदैन ।

पहिला पहिला बैंकमा खाता खोल्न पनि घूस खुवाउनुपर्थ्यो । उनीहरूले निश्चित रकमभन्दा कमको ऋण पनि दिन मान्दैनथिए किनभने धेरै खातापाता राख्नुपर्ने हुन्थ्यो । तर सहकारीहरू आएपछि बैंकहरू आफैं ऋण दिनका लागि जनतासमक्ष पुग्न थाले ।

सहकारीमा लिने र दिनेका बीचमा ६ प्रतिशतभन्दा बढीको ग्याप भयो भने दण्डनीय हुन्छ । निक्षेपकर्तालाई ४ प्रतिशत दिएको छ भने बढीमा ८ आठ प्रतिशत औसतमा कारोबार हुन्छ । ऋण लिने भनेको कुनै व्यापारका लागि लिने हो, थन्क्याउनका लागि होइन । दूध तथा अन्य कृषिमा सहकारीकै संलग्नता छ । सहकारीको बोर्ड राखेर सहकारी सिद्धान्तविपरीत काम गर्ने संस्थालाई हामीले बचाउने भन्ने कुरै हुँदैन । सहकारीलाई ठीक बाटोमा हिँडाउन हामीहरू सधैं तयार छौं ।

कुनै पनि दोषीलाई दण्ड दिनुहुँदैन भन्नेमा सहकारी महासंघ कहिले पनि छैन । सम्पत्ति शुद्धीकरणको सवालमा पनि हामी प्रस्ट छौं । भ्रष्टाचारको पैसा तथा अन्य आर्थिक अपराधको पैसा सहकारीमा छिराउनुहुँदैन भन्ने पक्षमा हामी छौं । सरकारसँग मिलेर यसमा काम गर्न हामी तयार छौं ।

## गरीबी निवारण तथा सहकारी विकास मन्त्रालयकी राज्यमन्त्री चम्पादेवी खड्काको मन्तव्य



नेपाल सरकारले सहकारी सिद्धान्त र मूल्यको अवलम्बन गर्दै सहकारी क्षेत्रमा सुशासनको सुनिश्चितता गराउने प्रयास सदैव गर्दै आएको छ । सहकारी क्षेत्रमा गरीब जनताको प्रत्यक्ष सहभागिता हुने हुँदा यसको पारदर्शिता र सुशासन महत्त्वको विषय बनेको छ । भ्रष्टाचारमुक्त समाज बनाउनका लागि हामीले ठोस पाइला अघि बढाउनुपरेको छ ।

भ्रष्टाचारविरुद्धको महासन्धि अनुकूल हुने कानून, ऐन र नियम बनाएर मात्र पुग्दैन । हामीले त्यसको कार्यान्वयनका लागि पनि प्रयत्न गर्नुपर्छ । हामी अहिले सहकारी ऐन परिवर्तन गर्न लागिरहेका छौं । यो छलफलले ऐन परिवर्तनलाई सहयोग पुऱ्याउने नै विश्वास मैले लिएकी छु ।

## गोपीनाथ मैनाली, सचिव, सहकारी तथा गरीबी निवारण मन्त्रालय



सहकारीलाई कसरी राम्रो र मर्यादित बनाउने भन्ने विषयमा अनकाकको अनुपालनसम्बन्धी बहस गरिनु उचित छ । नेपाल अनकाकको पक्षराष्ट्र भएकाले सहकारी क्षेत्रलाई पनि यसमा समेट्नु जरूरी हुन्छ । स–साना कृषकको लगानीमा भ्रष्टाचार हुनै हुँदैन । सहकारीले आदर्श नमूना प्रस्तुत गर्नुपर्छ । कानून त थुप्रै बने नेपालमा तर तिनको कार्यान्वयन पनि उत्तिकै सशक्त हुनुपऱ्यो । सरकारले डाटाबेस बनाइदिएमा पारदर्शिता हुन्छ र भ्रष्टाचार हुनै पाउँदैन ।

## सहभागीहरूको सुझाव तथा प्रतिक्रिया

### *केशव प्रसाद रेग्मी, रजिस्ट्रार, सहकारी विभाग*



सहकारी क्षेत्रमा अनकाकको आवश्यकताको बहस चल्दा हामीले के बुझ्नुपर्छ भने सहकारी आन्दोलन आफैंमा सदाचारको आन्दोलन हो । सदाचार यसको मौलिकता हो । सहकारी शोषणरहित आर्थिक सम्बन्धको रचना गर्ने आन्दोलन हो । आफ्नो परिश्रमबाट कमाएबाहेक अरू कुनै पैसा हामीलाई चाहिँदैन भन्ने आन्दोलन हो । त्यसैले हामीले अनकाकभन्दा धेरै पर गएर सहकारी आन्दोलन सदाचारको पर्याय बन्नुपर्छ ।

### *भरत प्रसाद आचार्य, प्राचार्य, केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र*



सहकारीको पाँचौं सिद्धान्त नै अध्ययन र प्रशिक्षण हो । हामीले दण्डात्मकभन्दा पनि प्रवर्द्धनात्मक कुरामा जोड दिनुपर्छ । हामीले वित्तीय साक्षरता अनि सम्पत्ति शुद्धीकरणका कुराहरू तालिममा समावेश गर्ने गरेका छौं । मेरो अनुभवमा नबुझेर गर्ने कमजोरी एउटा अनि अर्को बुझीबुझी गर्ने कमजोरी छन् यस क्षेत्रमा । बुझीबुझी गरेको कमजोरीलाई दण्ड दिने र नजानेर भएको कमजोरीलाई शिक्षा दिएर सुधार्ने गर्नुपर्छ । सहकारीलाई राज्य संयन्त्रले हेरेन भनिरहँदा त्यो राज्य संयन्त्र के हो भनी प्रश्न उठ्छ । त्यो अमूर्त कुरा हो ? अनि राम्रा सहकारीको जस आफूले लिने गर्दा नराम्रो सहकारीको जिम्मेवारी पनि लिनुपर्ने होइन र ?

### *आनन्द सारु, वरिष्ठ सहकारी अधिकृत, डिभिजन सहकारी कार्यालय काठमाडौं*



हाम्रो कार्यालयमा गुनासाहरू धेरै आउँछन् । ती गुनासाहरूलाई हामीले सम्बोधन गर्दै आएका छौं । सहकारी आन्दोलनले सरकारलाई अनि सरकारले आन्दोलनलाई दोष लगाउनुभन्दा पनि हामीले अहिले भोगिरहेको समस्यालाई समाधान गर्ने कानूनहरू भइदिनु जरूरी हुन्छ । हाम्रो कार्यालयले गुनासाहरू सुनेपछि सम्बन्धित सहकारीमा गएर बुझ्ने अनि प्रतिवेदन तयार गर्ने काम गर्छौं । निर्देशनात्मक पत्र पनि लेख्छौं । त्यसबाहेक अरू हामीले गर्न नसक्ने हुनाले हामीले प्रहरीलाई पत्र लेख्छौं । हामीले आफैं सबै हेर्नका लागि कानून चाहिएको छ । हामीसँग कम स्रोतसाधन छ । फाइलहरू व्यवस्थापन गर्न पनि हामीहरूलाई गाह्रो छ । अब हाम्रा डिभिजनहरू खारेज भएर स्थानीय सरकारहरूमा जाने कुरा छ । तर स्थानीय सरकारका निर्वाचित अधिकारीहरूले यसमा चासो देखाउनुभएको छैन । स्थानीय सरकारले नै सहकारीलाई पारदर्शी र जवाफदेही बनाउन सक्छ ।

*बलराम निरौला, वरिष्ठ सहकारी अधिकृत, डिभिजन सहकारी कार्यालय, ललितपुर*



सहकारी सम्बन्धी कानूनी व्यवस्था हाम्रोमा केही कमजोरै छ । धेरै गुनासो हामीकहाँ नै आउँछन् तर कानून नहुँदा हामीलाई गाह्रो छ। अनकाकको कुरा गर्दा यसमा नियामक शक्तिको भूमिका के हुने, विभिन्न समिति उपसमितिको भूमिका के हुने, नियमनकारी निकायको अधिकार कति हुने भन्ने विषयमा स्पष्ट उल्लेख हुनु जरूरी छ ।

*नवराज उपाध्याय, प्रबन्धक, राष्ट्रिय सहकारी बैंक लिमिटेड*



सहकारी संस्थामा ऋण बिग्रेपछि विकृति आउने हो । यसबाहेक पूँजीको दुरुपयोग हुँदा पनि समस्या आउँछ । त्यसैले सहकारी बैंकले ऋण दिने सहकारी संस्थाका लागि इन्डिकेटरहरू बनाएको छ। इन्डिकेटरमा पास हुने संस्थाले मात्रै ऋणको दाबी पाउँछ। यसरी हामी जोखिम न्यूनीकरणको उपाय अपनाउँछौं । यसबाटै सुशासन स्थापित हुन्छ भन्ने हामीलाई लाग्छ र हामीले यसको प्रशिक्षण पनि दिने गरेका छौं । मेरो सुझाव के छ भने भ्रष्टाचारको अपराधमा दण्डित भएको व्यक्तिले सार्वजनिक सेवामा कुनै पनि काम गर्ने अवसर पाउनुहुँदैन। त्यही अनुसारको कानून बन्नुपर्छ।

*केशव आचार्य, लेखा संयोजक, जगेडा बचत तथा ऋण सहकारी संस्था*



अहिले अनुत्पादक पूँजी सहकारीमै प्रवाहित भइरहेको छ । विशेषगरी शहरी क्षेत्रमा मोबिलाइज भएको पूँजी अनुत्पादक नै हो । यसलाई नियमन गर्नु जरूरी छ । सहकारी क्षेत्रमा अपरेसनल अडिट गर्नुपर्ने आवश्यकता छ । सहकारीमा लगानी भनेको सीड मनी हो र यसले राष्ट्रको अर्थतन्त्रमा योगदान गर्नुपर्छ। मान्छेलाई चाहिएको रिटर्न हो र त्यो रिटर्न जेन्युइन हुनुपर्‍यो । त्यसले राष्ट्रलाई कति योगदान गरेको छ भन्ने पनि हेर्नुपर्‍यो ।

*अर्जुन पोख्रेल, अध्यक्ष, नेपाल मौरीपालन केन्द्रीय संघ*



कृषिसम्बन्धी सहकारीले राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक सहयोग पुर्‍याएको छ । रोजगारीमा पनि उनीहरूको योगदान छ । सहकारी आन्दोलनले दण्डनीय सहकारीहरूलाई कहिलेपनि छुट दिँदैन । राम्रो काम गर्नेलाई प्रोत्साहन गर्छ । राज्यले उत्पादक क्षेत्रलाई प्रोत्साहन गर्नुपर्छ ।

*कृष्ण सापकोटा, कोषाध्यक्ष, केन्द्रीय दुग्ध सहकारी संघ*

भ्रष्टाचार भनेको वित्तीय लेनदेन मात्र नभई ढिलासुस्ती र हुनुपर्ने काम पनि नभएको स्थिति पनि हो । भ्रष्टाचार गरेर कमाएको पैसा सहकारीमा आउँछ भन्ने हामीलाई लाग्दैन । वास्तवमा सहकारीमा ठूलो पूँजी नै आउँदैन । उत्पादन र अन्य प्रकृतिका सहकारी संस्थालाई एउटै डालोमा राख्नु उपयुक्त हुँदैन । कृषि सहकारीलाई बचत तथा ऋण सहकारीसाग दाँजेर हेर्नुहुँदैन ।

*अमर अधिकारी, कार्यक्रम अधिकृत, समग्र विकास सेवा केन्द्र*

ग्रामीण क्षेत्रमा सहकारी नभइदिएको भए हाम्रो अर्थतन्त्र कस्तो हुन्थ्यो होला भनी हामी कल्पना पनि गर्न सक्दैनथियौं । सहकारीमा अनेकौं विकृति छन् र तिनलाई अब आउन लागेको ऐनले धेरै हदसम्म निराकरण गर्न सक्छ । सहकारी दर्तालाई सहज बनाउनुपर्छ । धेरै सहकारीले गरीबकहाँ गएर बचत चाहिँ उठाउने तर उनीहरूलाई शेयर सदस्य नबनाउने गरेका छन् । त्यसको अन्त्य हुनुपर्छ । अनि सहकारीहरूलाई लघुवित्त बैंकहरूले सखाप पार्ने प्रयास गरिरहेका छन् । त्यो जोखिमलाई कम गराउनुपर्छ । डिभिजन सहकारी स्थानीय तहमा पुग्दा तिनको भूमिका कस्तो हुन्छ भनी निश्चित हुनुपर्छ ।

*सीमा पुरी, अध्यक्ष सज्जन महिला वचत तथा ऋण सहकारी संस्था*



सहकारीभित्र आर्थिक कारोबार हुने भएकाले भ्रष्टाचार भएका हुन सक्छन् । समाधानका लागि हामीले बहस गर्नुपर्ने हुन्छ ।

*कृष्णदत्त भट्ट, कार्यक्रम संयोजक, गरीबी निवारण कोष*



सहकारीहरू दुर्गम क्षेत्रमा पुगेर चरम गरीबीमा पिल्सिएका मानिसलाई आर्थिक पहुँच पुऱ्याउनु सकारात्मक पक्ष हो । राज्यले सहकारी क्षेत्रहरूलाई उत्पादनमूलक क्षेत्रमा लगाउनका लागि के गर्न सक्छन् भन्ने विषयमा कमीकमजोरी देखाएको छ । सहकारीलाई नियममा कसरी राख्ने भन्ने विषयमा नियमनकारी निकायलाई पर्याप्त तालिम नै पुगेको छैन । त्यसैले नियमनकारी निकायहरूलाई क्षमता अभिवृद्धि गराएर अनुगमनका लागि तयार राख्नुपर्छ ।

*महेश्वर चापागाई, अध्यक्ष, गोवर्धनश्री बचत तथा ऋण सहकारी संस्था*



सहकारी क्षेत्रले एक अर्बको पूजी चलाउछ । शहरी क्षेत्रका युवाले सहकारी चलाउन धितो कहाँबाट ल्याउने ? सहकारीको ब्याजदर निर्धारण गरिनु जरूरी छ । वाणिज्य बैंकभन्दा बढी ब्याज दिने हैसियत सहकारीको कसरी भयो ? खराब काम गर्ने सहकारीलाई दण्डित गर्नुपर्छ । सहकारीलाई विश्वास गर्नुपर्छ । ऋण असुलीमा सहकारी विभागको भूमिका के हुनुपर्छ ? शहरमा भएका सहकारीलाई नीतिनियममा राख्नुपर्छ । सहकारीकर्मीले गरेको योगदानलाई पनि सकारात्मक रूपमा हेर्नुपर्छ ।

*प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव फणीन्द्र गौतमको टिप्पणी*



अनकाकको कार्यान्वयन प्रक्रियामा विज्ञ समीक्षाको (Peer Review) दुईवटा चक्रमा नेपाल अहिले दोस्रो चक्रमा छ । यही सन् २०१७ को अन्त्यसम्ममा हामी यसबाट गुज्रनुपर्नेछ । अनकाकको दोस्रो च्याप्टर रोकथाम (Prevention) प्रिभेन्सन र पाँचौं च्याप्टर सम्पत्ति फिर्ता (Asset Recovery) मा हामीले रिभ्यु गरिरहेका छौं । यसबीचमा हामीले सान्दर्भिक व्यवस्था गऱ्यौं तर एसेट रिकभरीको सवालमा महासन्धिले माग गरेबमोजिमका धेरै व्यवस्था हामीले अझै बनाउन बाँकी छ ।

रोकथाम (Prevention) को पाटोमा चाहिं थुप्रै काम हामीले गरिरहेका छौं । अहिले हामीले विभिन्न सरकारी कार्यालयहरूले भ्रष्टाचार निवारणका लागि के के काम गरिरहेका छन् भन्ने विषयमा रिपोर्ट संकलन गरिरहेका छौं । एकीकृत गरेर विज्ञ समीक्षा (Peer Review) प्रक्रियामा हामी लागेका छौं । सार्वजनिक खरिद (public procurement) मा हामीले आमूल परिवर्तन ल्याइसकेका छौं । अब सबै कुरा विद्युतीय बोलपत्र (Ebidding) बाट हुन्छ ।

केन्द्रीय आचार संहिता (Central Code of Conduct) लागू गरेका छौं । राष्ट्रिय सदाचार नीति पनि मन्त्रिपरिषद्को कार्यालयले बनाइरहेको छ । त्यसमा सहकारीको विषय पनि छ । के के राख्नुपर्छ त्यसमा भनी हामीले सहकारी विभागसँग सुझाव मागेका छौं ।

अनुचित कार्य भन्ने भ्रष्टाचारको उर्वरा भूमिलाई संविधानले झिकिदिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सीमितता भएको छ र त्यसले ठूलो खाडल बनाएको छ ।

सहकारीमा अनकाकको अनुपालनको कुरा गर्दा सार्वजनिक क्षेत्रलाई पहिला हेर्नुपर्ने भएकाले सहकारी क्षेत्रमा तत्कालै जानुपर्ने देखिँदैन । सार्वजनिक क्षेत्रलाई नै पहिला कडाई गरिसकेपछि अर्को चक्रमा हामी निजी क्षेत्रमा यसलाई अनुपालन गराउन लागिरहेका छौं भनी अन्तर्राष्ट्रिय समुदायलाई बुझाउनुपर्नेछ ।

सहकारी क्षेत्रका विकृतिलाई अपराधीकरण गर्नुपर्ने जरूरी छ। अहिलेको प्राथमिकता सार्वजनिक क्षेत्रमाथि कडाई अनि अनुचित कार्यलाई सम्बोधन गर्नुपर्ने नै हो।

### *सहभागीको जिज्ञासामा माधव पौडेलको जवाफ*

अनकाक तुरुन्तै लागू हुने कुरा हैन। यसलाई चरणबद्ध रूपमा अघि बढाउनुपर्छ। निजी क्षेत्रमा जाँदा त्यसको मोडालिटी के हुनुपर्छ भनी हामीले विचार गर्नुपर्छ किनकि सार्वजनिक र निजी क्षेत्रको भ्रष्टाचारको परिभाषा एउटै हुन सक्दैन। संविधानले सार्वजनिक क्षेत्रको भ्रष्टाचारलाई मात्रै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारमा राखेकाले संविधानबाहिर जान हामीहरू सक्दैनौं।

सहकारी क्षेत्रमा अनकाकको प्रावधान लागू गर्ने कुरा सुदूर भविष्यको कुरा हो। तथापि सहकारी क्षेत्र मानसिक रूपमा यसका लागि तयार हुनुपर्छ।

आन्तरिक नियन्त्रण प्रणाली सहकारीमा लागू हुनुपर्छ। विनियमअनुसार त्यो चलेको हुनुपर्छ। कुनै पनि रकम भौचरअनुसारको छ कि छैन, शीर्षकअनुसार मिलेको छ कि छैन भनी हेर्नुपर्छ। कर्पोरेट गभर्नेन्स त्यसमा हुनैपर्छ। सांगठनिक सुशासन हुनुपर्छ।

अनकाक बमोजिमको कार्यान्वयनका लागि कानून नै बनेको छैन। अनि निजी क्षेत्रमा अनकाक बाध्यात्मक छैन। तर सार्वजनिक क्षेत्रलाई मात्र कारवाही गरेर पुग्दैन, निजी क्षेत्रलाई पनि समेट्नुपर्ने देखिन्छ।

भ्रष्टाचार जन्माउने अनुचित कार्यको प्रावधानलाई संविधानबाट झिकिएपनि सरकारले एउटा ऐन बनाएर अनुचित कार्य भनेका यी यी हुन् भनी परिभाषित गर्नु जरूरी देखिन्छ।

### *सहभागीको जिज्ञासामा गौरीबहादुर कार्कीको जवाफ*

सहकारीलाई अर्थतन्त्रको पहिलो खम्बा बनाउनका लागि यसमा भएका विकृतिलाई निवारण गर्नुपर्छ। नियमनलाई कमजोर बनाउने प्रयत्नहरूलाई निरुत्साहित गर्नुपर्छ। सहकारी डुबाउनेहरू कडा दण्डको भागी हुनुपर्छ। ग्रामीण क्षेत्रका उत्पादनमूलक सहकारी संस्थाहरू राम्ररी चलेका छन् र अन्य सहकारी पनि त्यस्तै हुनु जरूरी छ। शहरी क्षेत्रमा बचत र ऋण सहकारी बढी छन्, तिनले जग्गामा लगानी गरेका छन् जुन डुब्न सक्छ। तिनीहरूलाई नियमन गर्नुपर्छ।

### *सहभागीको जिज्ञासामा केशव बडालको टिप्पणी*

भ्रष्टसहकारी क्षेत्रले अनकाकलाई सहर्ष स्वीकार गर्छ। सहकारीको सिद्धान्तविपरीत लाग्नेलाई सुरक्षित राख्ने कुरै हुँदैन।

### *परियोजना संयोजक प्रकाश घिमिरेको धन्यवाद मन्तव्य*



सहकारी भनेको अन्तर्राष्ट्रिय मूल्यमान्यतामा टेकेर गरिएको आन्दोलन हो । अनि अनकाक पनि विश्वव्यापी आन्दोलन हो । त्यसैले पनि सिद्धान्ततः सहकारीले अनकाकको अनुपालन गर्नुपर्ने नै देखिन्छ । अनकाकमा नेपालले हस्ताक्षर गरेको हुनाले त्यसलाई अनुपालन गर्नु जरूरी छ । नेपालमा विधिवत् दर्ता भएको संस्थाले देशको महासन्धिजनित दायित्व पूरा गर्नका लागि राज्यलाई सहयोग गर्नुपर्छ । कानूनको शासन पालन गर्न पनि सहकारीले अनकाकको अनुपालन गर्नुपर्छ ।

स्थानीय सरकारले सुशासनको निगरानी गर्नका लागि के गर्नुपर्छ भन्ने विषयलाई पनि यस्ता किसिमका बहसले समेट्नुपर्छ । संविधानको तीनखम्बे अर्थनीतिमा सहकारी पनि महत्त्वपूर्ण अवयव भएकाले सहकारीले देशभरि मानक स्थापना गर्नुपर्छ । सेवाप्रवाहलाई सुमधुर बनाउन पनि सहकारीले प्रयत्न गर्नुपर्छ ।

अनुगमन संयन्त्रका रूपमा हाम्रा विद्यमान संरचना नै पर्याप्त छ कि नयाँ संरचना बनाउनुपर्छ भन्ने विषयमा पनि बहस हुनु जरूरी छ ।

## निष्कर्ष तथा सुझाव

कार्यशाला गोष्ठीमा प्रस्तुत गरिएका कार्यपत्र तथा विषयमा केन्द्रित रहेर गरिएका छलफलबाट निस्किएका प्रमुख सुझाव तथा सल्लाहहरूलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ। अनकाकसम्बन्धी प्रश्न तथा बहसहरू गोष्ठीमा पर्याप्त मात्रामा नउठेको भएपनि सहकारी क्षेत्र सुधारका लागि महत्त्वपूर्ण सुझावहरू सहभागीहरूले प्रस्तुत गरेका थिए ।

### नीतिगत सुझाव

- सहकारी क्षेत्रलाई अनकाकअन्तर्गत पार्ने,
- सम्पत्ति शुद्धीकरण विभागलाई संवैधानिक आयोग बनाउने,
- सहकारी क्षेत्रले भोगिरहेका समस्यालाई समाधान गर्ने कानूनहरू बनाउने,
- सहकारीलाई पारदर्शी र जवाफदेही बनाउन स्थानीय सरकारको भूमिका स्पष्ट पार्ने,
- सहकारी क्षेत्रका विकृतिलाई अपराधीकरण गर्ने,
- राज्यले सहकारी क्षेत्रहरूलाई उत्पादनमूलक क्षेत्रमा लगाउनका लागि प्रेरित गर्ने,
- भ्रष्टाचार रोक्न सरकारले नै डाटाबेस बनाउने,
- सरकारले एउटा ऐन बनाएर अनुचित कार्यको परिभाषा गर्ने,
- उत्पादनमूलक सहकारीहरूलाई प्रोत्साहन गर्ने ।

### कार्यसञ्चालनसम्बन्धी सुझाव

- सहकारी क्षेत्रमा अपरेसनल अडिट गर्नुपर्ने,
- गरीबकहाँ गएर बचत चाहिँ उठाउने तर उनीहरूलाई शेयर सदस्य नबनाउने परिपाटीको अन्त्य गर्नुपर्ने,
- सहकारीको आचारसंहिता र लेखाको मानक बनाएर थप पारदर्शी बनाउने,
- सहकारी आफैंले सुशासन र स्वनियमनलाई पालन गर्ने,
- सहकारीको ब्याजदर निर्धारण गर्ने,
- सहकारी क्षेत्रमा आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने,
- सहकारीमा वित्तीय सुशासन कायम गर्ने,
- सेवाप्रवाहलाई सुमधुर बनाउन पनि सहकारीले यथाशक्य प्रयत्न गर्ने ।

### नियमनसम्बन्धी सुझाव

- संयुक्त राष्ट्रसंघजस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले सरकारलाई कडा नियमनका लागि दबाब दिने,
- नियामक शक्तिको भूमिका के हुने, विभिन्न समिति उपसमितिको भूमिका के हुने, नियमनकारी निकायको अधिकार कति हुने भन्ने विषयमा स्पष्ट उल्लेख गर्ने,
- भ्रष्टाचारको अपराधमा दण्डित भएको व्यक्तिले सार्वजनिक सेवामा कुनै पनि काम गर्ने अवसर नपाउने व्यवस्था गर्ने,

- शहरी क्षेत्रमा परिचालित पूँजी अनुत्पादक देखिएकाले त्यसलाई नियमन गर्ने,
- सहकारी दर्तालाई सहज बनाउनुपर्ने,
- डिभिजन सहकारी स्थानीय तहमा पुग्दा तिनको भूमिका प्रस्ट पार्ने,
- ऋण असुलीमा सहकारी विभागको भूमिका निर्धारण गर्नुपर्ने,
- सहकारीले मासेको पैसा फिर्ता गराउने प्रावधान बनाउने,
- मासिएको ऋण न्यायाधिकरणमार्फत उठाउने व्यवस्था गर्ने,
- सहकारी डुबाउनेहरूलाई कडा दण्डको भागी बनाउने ।

## अनुसूची - १

(कार्यक्रममा छलफल गरिएको माधव पौडेलको प्रस्तुति)

# UN CONVENTION AGAINST CORRUPTION and PREVENTION of CORRUPTION in PRIVATE SECTOR including COOPERATIVE ORGANIZATIONS

*Madhab Paudel*
*Kathmandu*

## What is the United Nations Convention against Corruption ? (UNCAC)

- United Nations Convention against Corruption (UNCAC) is a multilateral treaty in the field of crime control adopted by UN GA in October,2003,
- UNCAC: is a landmark international legal instrument designed against corruption
- UNCAC: provides a remarkable achievement in corruption control field
- UNCAC : a global instrument to response to a global problem,
- UNCAC: addresses the cross boarder nature of corruption,
- UNCAC: is an unique legal instrument applicable worldwide and also provides both preventive and punitive legal measures,
- UNCAC: provides a mechanism to the state parties to help to each other to prevent and combat corruption through technical cooperation,
- UNCAC: also encourages the participation of citizens and civic societies in accountability process and underlines the importance of citizens access to information to ensure transparency .

## *UN Convention against Corruption (UNCAC) and its Genesis*

- UNGA, by a Resolution No.55/61 adopted on Dec.4,2000,formed an *ad hoc committee* to prepare drafts articles of an universal convention to address corruption,
- Thereafter, an open ended experts Group was formed,
- The meeting of the said Group was held in Vienna in 2001,
- The Group recommended UNGA to prepare universal comprehensive convention and open ended committee was formed in 2001,
- Ad hoc committee started negotiations from Jan.21,2002 in Vienna,
- After seven rounds negotiations, ad hoc committee finalized the draft of UN Convention against Corruption on October 31,2003

## UNCAC at a Glance

- The text of UNCAC was adopted by UNGA on Oct.31,2003 by a resolution,
- By another resolution on the same day UNGA urged member states to observe Dec.9 as the anti-corruption day,
- UNCAC was opened for signature by member states from Dec.9-11,2003 in Merida, Mexico and thereafter, in New York till Dec.2005,
- Total number of signatory states are 140,
- Nepal signed UNCAC on Dec.10,2003,
- Total number of state parties 181 ( as of September,2017),
- UNCAC came into force on Dec.14,2005 in accordance with Art.68.1 to UNCAC,
- Nepal ratified UNCAC of March 31,2011,
- UNCAC entered into force for Nepal on April 30,2011.

# Major Provisions of UNCAC

- In addition to general provisions and final provisions UNCAC provides followings chapters:
  1. Preventive measures (chapter 2)
  2. Criminalization and law enforcement (3)
  3. International co-operation (4)
  4. Asset recovery (5)
  5. Technical assistance and information exchange (6)
  6. Mechanism for implementation (7)
  - Three types of obligations under UNCAC:
  1. Mandatory
  2. Less mandatory
  3. Optional

# *State Obligations Under UNCAC*

- **Preventive measures**:
  - UNCAC identifies 3 areas where corruption may be committed(public sector , private sector and political parties).
  - State has to ensure rule of law, transparency, accountability and good governance in public sectors .
  - Ensure corporate governance and enhance accounting auditing standards.
- State has to criminalize various acts as corruption(bribery, embezzlement , trading in influence , abuse of function, illicit enrichment , money laundering , concealment of property , obstruction of justice etc.
- Co-operation in the field of extradition, transfer of offenders , mutual legal assistance in regard to evidence, documents and proceedings and joint investigations.
- Asset recovery to repatriate the assets in the Country of origin where corruption was committed .

## *Special Provisions in regard to Private Sector ( Applicable Basically Private Sector including Cooperative organizations)*

- Preventive Measures(chapter 2) Measures to be adopted particularly to regulate private sector (Art.12),Criminalization and Law Enforcement (chapter 3):
  - **Criminalization the acts of bribery in private sector (Art.21),**
  - **Criminalization the acts of embezzlement of property and funds in private sector (Art.22),**
  - **Criminalization the acts of money laundering (Art.23),**
  - **Criminalization the acts of concealment of property (24),**
  - **Liability of Legal persons (26),**

## *Measures to be adopted to regulate private sector ( Art.12) ,*

- 1.State Party has to enhance accounting and audit standards and adopt other measures, particularly, in private Sector:
  - Safeguard integrity , develop code of conduct for correct, honorable and proper performance,
  - Prevent conflict of interests,
  - Promote good commercial practices,
  - Promote transparency ,
  - Prevent misuse of procedures including regarding subsidies and licenses,
  - Prevent conflict of interest and impose restriction of professional activities of former public officials ,
  - Ensure sufficient internal auditing controls to prevent and detect acts of corruption,

## Measures to be adopted to regulate private sector ( Art.12) ,

- 2.State Party has to take necessary measures to maintain books of records, financial statements disclosures , accounting and auditing standards to prohibit following acts:
  - **Establishment of off-the –books accounts,**
  - **Making of off –the-books or inadequately identified transactions,**
  - **Recording of non-existent expenditures,**
  - **Entry of liabilities with incorrect identification of their objects,**
  - **Use of false documents,**
  - **Intentional destruction of bookkeeping documents earlier than foreseen by law.**
- 3.Disallowance tax deductibility of expenses that constitute bribe and other expenses incurred of corrupt conduct.

## *Measures to be adopted to prevent Money laundering (Art.14)*

- **1.State Party has to institute a comprehensive domestic regulatory framework and supervisory regime for banking and non-banking financial institutions including natural persons that provide formal or informal service for transmission of money or value,**
- **Other bodies to deter and detect all forms of money laundering,**
- **Regime shall requires the customers and beneficial owner identification , record-keeping and reporting of suspicious transaction,**
- **Administrative, regulatory and law enforcement and other authorities dedicated to combating money laundering have the ability to collect, cooperate and exchange information in national or international level,**
- **Establishment of a financial intelligence unit to serve as national center for collection, analysis and dissemination of potential money laundering**

## Measures to be adopted to prevent Money laundering (Art.14)

- 2. State Party has to implement feasible measures to detect and monitor the movement of cash and negotiable instruments across the boarders,
- 3.State Party shall require the reporting of cross-boarder transfer of substantial quantities of cash and negotiable instruments,
- 4.State Party shall require financial institutions including money remitters:
  - To include on forms for electronic transfer of funds accurate and meaningful information on the originator,
  - To maintain such information throughout the payment chain,
  - To apply enhanced scrutiny to transfer of funds that do not contain complete information on the originator.

## Liability of legal persons

- Corporations / Companies/ Cooperative Organizations have separate personality known as "legal/ corporate personality" different from their promoters/members/shareholders,
- Corporate personality does not turn them into real human beings,
- Under the classical jurisprudence ,Corporations /Companies/Cooperatives ought not to be subject to the criminal law because they do not have mental states and cannot be guilty,
- If a crime is committed by or within the corporation ,the corporation veil shall be lifted and the person who commits actually the crime shall be liable,
- Potential criminal liability of legal person is an accepted part of jurisprudence in many jurisdictions of common law system,

# Liability of legal persons

- In many civil law countries, traditionally, corporations/ companies are excluded from the criminal liability,
- In Italy and Germany constitutional provisions precluding guilty of corporations,
- Similar provisions are applicable in Poland , Belgium and other European countries,
- In 1992 French Penal Code,1970 Netherlands, Mexico, Columbia and other countries,
- Liability of legal persons for participation in the serious offenses involving organized crime(Art.10)
- Possible penalties for legal persons : heavy fines, exclusion from government procurement, court supervision, blacklisting, deregistration or liquidation of the corporation

# *Meaning of corruption under Nepali Legal System*

- Corruption is defined as a crime committed in public sector and normally by the public officials,
- Prevention of Corruption Act,2059 defines corruption as crime punishable under its chapter 2, namely:
  - Taking by or rendering to public servant any gratification,
  - Accepting without price or in lesser price any goods or service by any public servant from a person who is concerned with the public duty,
  - Accepting reward, gift or donation by a public servant,
  - Accepting commission by a public servant,
  - Committing leakage of public revenue by a public servant,
  - Committing intentionally illegal benefits or loss by a public servant,

## *Meaning of corruption under Nepali Legal System*

- Preparing fake documents or fake translation, destroying public documents , disclosing confidentiality of question or result of any examination, or preparing a fake report by a public servant,
- Transaction of any business by a public servant that is restricted to conduct by him/her,
- Submitting fake certificate to hold a public service,
- Embezzlement or loss of public property by a public servant,
- Committing illicit enrichment by a public servant,
- Abetment to commit any offence as defined above

## *Preparation made by Nepal in order to domesticate UNCAC Provisions*

1. **Meaning of Domestication of International law: transfer of international law in national law**
2. **A task force was formed by GON on April 2004(2061/1/14)**
3. **Task force prepared a report and recommended GON to ratify UNCAC as early as possible .**
4. **Task force recommended to implement UNCAC:**
   1. **In case of mandatory provisions within the period under Art. 68.2 to UNCAC,**
   2. **In case of less mandatory provisions within a period of 5 years after ratification ,**
   3. **In case of optional provisions within appropriate and reasonable period ,as determines by GON,**
5. **Task force recommended GON to enact some new acts , to amend some existing laws, to reform some policies and institutional capacities and to extend international co-operation in certain areas.**

## Progress Achieved to Implement UNCAC in National Level

1. Some new Acts have already been enacted (out of 14) (PMLA, Insolvency, Good governance , competition protection, public procurement acts etc. and MLA Act, Extradition Act.
2. Some existing laws are already amended (Companies, securities, audits, and BAFIA etc.)
3. Some laws are under consideration by GON (Organized crimes already done ) Criminal liability of legal person ,
4. Some institutions have , already , been set-up (FIU, MLPD, Information Commission etc.)
5. Some policies have been reformed (anti corruption strategy , money laundering strategy , citizen charter, various code of conducts in public sector etc).

## Enactment of New Acts to Domesticate UNCAC

- **Some new acts have already been enacted:**
  - **Prevention of Money Laundering Act,2007,**
  - **Bank and Financial Institutions act,2006, ( 2017)**
  - **Insolvency Act, 2006,**
  - **Good Governance Act,2007 ,**
  - **Competition Promotion and Market Protection Act, 2006**
  - **Public Procurement Act,2006,**
  - **Mutual Legal Assistance Act, 2015**
  - **Prevention of Organized Crime Act,2015,**
  - **Banking Offences and Punishment Act,2008,**

## *Amendment of Existing Acts in the line of UNCAC*

- Certain existing laws are already amended :
  - Companies Act,2006
  - Securities Act,2006,
  - Army Act,2006
  - Extradition Act,2015,
- Certain Bills are before the Parliament .
  - Audit Act ,1992
  - Cooperatives Act,1992

## *Policy Reform and Institutional Capacity Reform*

- Some new policies have been introduced:
  - *Anti corruption strategy,*
  - *Anti Money Laundering Strategy ,*
  - *Citizen Charters,*
  - *Various Directives issued by the Regulatory authorities,*
  - *Various Professional Codes of Conducts applicable to public sector officials etc.*
- Certain new institutions have been set-up:
  - ***Financial Intelligence Unit (FIU) within NRB,***
  - ***Money Laundering Prevention Department,***
  - ***National Information Commission,***
  - ***Public Procurement Monitoring Office,***

## *Challenges ahead to meet UNCAC standards in National Level*

1. Prevention of corruption in private sectors ( to define, to prevent and to criminalize)
2. Regulation of political party fund (to disclose origin and destination of funds)
3. Criminal liability of a legal person in general terms,
4. Compensation for damage to a victim suffered by corruption,
5. Some new laws to be enacted (witness and victim protection , whistleblowers protection ,offering or giving bribery to a foreign public official etc.)
6. Mechanism for asset recovery ,
7. International co-operation to implement UNCAC.
8. Improvement of weak law enforcement situation of the country

## Problems to Implement UNCAC: Private Sector prospective

- Under law of Nepal, Corruption is defined only in public sector and is considered as a part of public affairs/ public administration,
- Acts of bribery in private sector is not defined as corruption and such acts are treated otherwise,
- UNCAC provisions in regard to criminalization of acts of bribery in private sector is less mandatory/less binding,
- CIAA, anti-corruption body, is responsible to investigate corruption in public sector.

## Recommendations: Private Sector prospective

- To review ,amend and up-to-date the existing laws dealing with the private sector to prevent corruption,
- To criminalized acts of bribery as corruption in private sector,
- To establish time framework to define the corruption in private sector:
  - **In first phase, Banking and Insurance Companies, (Saving and Credit Cooperative Organizations)**
  - **In second phase, other Public Limited Companies ,**
  - **In third phase, other companies and business organizations including Cooperative Organizations.**
- To create a competent, independent and autonomous statutory body responsible for investigation and prosecution of corruption in private sector or to empower CIAA to investigate and prosecute it,
- To establish jurisdiction of the court that adjudicates the acts of corruption in private sector,
- Create strong alliance of Public sector, private sector and civic society officials to combat corruption.

# THANK YOU!

(कार्यक्रममा छलफल गरिएको गौरीबहादुर कार्कीको प्रस्तुति)

# नेपालमा सहकारीको स्थितिः भ्रष्टाचारविरुद्धको महासन्धि UNCAC को सन्दर्भमा भ्रष्टाचारविरुद्धको महासन्धिका सन्दर्भमा सहकारी क्षेत्रमा सुशासन र पारदर्शिताको आवश्यकता

गौरीबहादुर कार्की,
*पूर्व अध्यक्ष, विशेष अदालत*

संविधानले सार्वजनिक, निजी र सहकारी गरी आर्थिक विकासका तीन क्षेत्रलाई तीन खम्बे अर्थनीतिका रुपमा सहकारीलाई एक खम्बा मानेको छ। सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने अर्थ, उद्योग र बाणिज्य नीति संविधानले निर्देशित गरेको छ।

वि.सं.२०१० सालमा सहकारी विभागको स्थापनादेखि नेपालमा सहकारीको शुरुवात भई साझा नामकरण हुँदै विभिन्न चरण पारगर्दै २०४८ मा पुनः साझालाई सहकारीमा परिणत गरियो। सहकारी ऐन, २०४८ आयो। २०४७ सालको राजनीतिक परिवर्तन र २०४८ सालमा नयाँ ऐन आएपछि सहकारी संस्थाको स्थापनामा व्यापक रुपमा वृद्धि हुन थाल्यो। २०४८ मा नयाँ ऐन आउनु अघि ८३३ वटा सहकारी संस्था थिए। २०७४ सालमा करिव ३३ हजार ५०० प्रारम्भिक सहकारी संस्थाहरू, ६६ वटा जिल्ला सहकारी संघहरू, १५७ वटा विषयगत जिल्ला सहकारी संघहरू, १६ वटा विषयगत केन्द्रीय संघहरू, २९ वटा शाखाहरू सहित एक राष्ट्रिय सहकारी बैंक र सबैभन्दा माथिल्लो संघको रुपमा राष्ट्रिय सहकारी संघ रहेकोछ। २०४८ साल यता सहकारी संस्था च्याउ सरी गठन भए। त्यसमा पनि बचत र ऋणको कारोबार गर्ने १३ हजार लगभग छन्।

सहकारीमा जनसहभागिता ६० लाख ३० हजार (५२ प्रतिशत महिला) रहेको मानिन्छ। शेयर पूँजी ७१ अरब ३५ करोड, वचत २ खर्ब ९५ अरब, ऋण लगानी २ खर्ब ८९ रहेको मानिएकोछ।

देशको कुल वित्तिय कारोवारमा १५ प्रतिशत सहकारीले हिस्सा ओगटेको। सहकारी संघ संस्थामा ५० हजारले प्रत्यक्ष र ५ लाखले अप्रत्यक्ष रोजगार पाएका। तर राष्ट्रिय उत्पादकत्वमा सहकारीको सहकारीको योगदान कति छ भन्ने कतै पाइदैन।

सहकारीता भनेको व्यक्तिहरू बीचको सहकार्य मानिन्छ। समुदायमा व्यक्तिहरूसँग छरिएर रहेको साधनस्रोत एकिकृत गरी सामुहिक रुपमा काम गर्ने र लगानी तथा योगदान अनुसारको प्रतिफल प्राप्त गर्ने आर्थिक सामाजिक पद्धतिलाई सहकारिता भनिन्छ। सहकारीमा प्रत्येक प्राकृतिक सदस्यको व्यक्तिगत रुपमा सहभागिता हुन्छ।

ग्रामीण क्षेत्रमा मात्र कृषि, दुग्ध, चिया, तरकारी, कफी, उपभोक्ता, आदि संस्थाहरू सहकारीको सिद्धान्तानुसार परिचालन भएका पाइन्छन् छन्।

सहरी क्षेत्रमा बैंक र फाइनान्स कम्पनीको रुपमा बचत र ऋण सहकारी संस्थाहरू सञ्चालित छन् । अझै पनि पसल पसलमा दैनिक बचत उठाउने गरेको देखिन्छ । बचत र ऋण परिचालन गर्ने कतिपय सहकारी संस्थाले त विकास वैंक र वाणिज्य वैंककै हाराहारीमा कारोवार गर्ने गरेको पाइन्छ ।

सहकारी जाँचबुझ आयोगले बचत र ऋण कारोबार गर्ने सहकारी संस्थाले बचतकर्ताबाट उठाएको नगद रकम र हाउजिङको लागि लिएको बैना समेत गरी करिब १२ अरब रुपैयाँ हिनामिना गरेको पाइयो ।

## सहकारी उजुरी स्थिति

उजुरी दर्ता १२,९६२ (उजुरी दिने व्यक्ति)

समस्याग्रस्त सहकारी संस्था १३०

| | | |
|---|---|---|
| उजुरी रकम | ७, ६०,७९,९५,२३८।३९ | सात अरब साठी करोड असी लाख रुपैयाा, |
| ब्याज दावी | २,४०,०७,८९,३५३।०८ | दुई अरब चालिस करोड, सात लाख, |
| जम्मा दावी | १०,००,८७,८४,५९१।४७ | दश अरब सतासी लाख |

ओरियन्टल ऋण तथा वचत सहकारी संस्था एउटै उपर (अध्यक्ष सुधीर बस्नेत भएको) साँवा र ब्याज गरी निज उपर ६ अरब ८६ करोडको दायित्व भएको ।

राजेन्द्र शाक्य अध्यक्ष रहेको गुण सहकारी उपर सहकारी र हाउजिंग गरी ७९ करोड ५४ लाखको दायित्वमा दावी आएको ।

## हाउजिंग तर्फको उजुरी

४८४ वटा उजुरी परेका हाउजिंगमा जम्मा १ अरब ४० करोड २६ लाख रकमको दावी रहेको त्यस मध्ये गुणमा १ करोड ९९ लाख, र ओरियन्टल सहकारीका अध्यक्ष सुधीर बस्नेतसँग सम्बन्धित हाउजिंग उपर १ अरब ३६ करोड दावी परेको छ । अन्य उपर २ करोडको दावी भएको ।

सहकारी र हाउजिंगमा गरी साावा दावी ९ अरब १ करोड, सहकारीको ब्याज समेत गरी रु. जम्मा ११ अरब ४१ करोड १४ लाखको दावी ।

सहकारीमा १२,९६२ र हाउजिंगमा ४८४ गरी जम्मा १३,४४६ व्यक्तिको करिब १२ अरबको दावी आएको ।

सहकारी संस्थाहरू संकटग्रस्त हुनमा निम्न कारणहरू रहेका छन् ।

- सहकारी सिद्धान्त व्यवहार र व्यवस्थापनको अन्तिम व्याख्याताको अभाव
- संचालन नियमावली निर्धारणको अभाव (Operational standards and rules)
- नियामक शक्तिको शून्यता
- संस्थागत विकासको कमी (Institutionalization)
- उद्देश्य, कार्य लक्ष्य, कार्यक्रमको अभाव

- हाउजिङ्ग कम्पनीको समस्याग्रस्तता
- बचतकर्ताको सम्पत्तिमा सहकारी सन्चालकको रजाई

## बैंकको लगानी हिनामिना

बचतकर्ताका पैसाले जग्गा किने, बुकिङ्गकर्ताका पैसाबाट आफ्नो लगानी (Equity) देखाएर बैंकहरूबाट ऋण लिए । सबै परियोजनामा तेईसवटा बैंकहरूको लगानी रहेको अनुमान छ । समस्याग्रस्त नदेखिएका तर बैंकको लगानी रहेका अरु धेरै संस्थाहरू रहेका अनुमान छ ।

## सहकारी संस्थाको रकमबाट लगानी गरेका क्षेत्र

सहकारिताको अवधारणाको दुरुपयोगको नमूना हाम्रो देश बनेको छ । मलेसिया जस्तो देशमा साना सहरमा दुईतीनवटा र ठूला शहरमा ४५ वटासम्म वचत तथा ऋण सहकारी संस्था छन् । हामीले काठमाण्डौं जिल्लामा मात्र ३०६६ वचत तथा ऋण सहकारी संस्था दर्ता गर्यौं । काठमाण्डौमा भएका तीन सय सत्तरी वहुउद्देशीय सहकारी संस्थाले पनि वचत तथा ऋणकै कार्य गर्दछन् । निगरानी गरिएन । अध्यक्ष नामधारीहरूले बस कम्पनी, हवाईजहाज कम्पनीमा, हाउजिङ्गमा, जग्गा कारोबारमा, सिनेमामा, एफएमहरूमा, टेलिभिजनमा पैसा लगाएका छन् । पारिवारिक क्लब जसरी सहकारी चलाए ।

## लगानीविनाका कम्पनीहरू

संस्थापकहरूले आफ्नो एक पैसा हालेनन् । उनीहरू रातारात लगानीविनाका अर्बपति भए । सहकारीसित रोक्ने कानूनी औजार केही थिएन ।

## व्यवस्थापन शून्यता

ठूला ठगी गर्नेहरूले व्यवस्थापन जानीबुझी नै अस्तव्यस्त पारेको देखिन्छ । सम्पत्ति र दायित्वको स्पष्ट हिसाब छैन, जिम्मेवार प्रशासकीय, लेखा, बजार व्यवस्थापनका कर्मचारी छैनन् । सम्पत्ति कति छ कसैलाई जानकारी छैन । कर्मचारीहरू, परिवारका व्यक्तिहरू, नदेखिने रुपमा रहेका हिस्सेदारहरू घोटालामा संलग्न रहेको अनुमान छ ।

## समस्याका कारण

अवास्तविक रूपमा मूल्य बृद्धि भई देशको वित्तीय कारोबारमा नै असर पर्ने देखिएपछि जग्गा कारोबारमा बैंकहरूको लगानीमा नेपाल राष्ट्र बैंकले सीमा लगाई दियो । फलतः जग्गाको अवास्तिक किनबेच र मूल्यमा गिरावट आयो । उच्च मूल्यमा बेच्न किनेका जग्गाहरूको भाउ घट्यो । सहकारीका अध्यक्षहरूसित आफ्नो लगानी थिएन, उनीहरूसित जग्गा बिक्री बन्द भएपछि तरलता रहेन । समयमा साँवा व्याज फिर्ता दिन नसकेर अध्यक्षहरू लुकेर हिड्न थाले । उनीहरूको तासको घर एकैपटक ढल्न पुग्यो ।

भ्रष्टाचारविरुद्धको महासन्धि र सहकारीको सम्बन्ध कसरी हुने ? संयुक्त राष्ट्रसंघको २००३ को यो महासन्धिले भ्रष्टाचार विरुद्धका धेरै प्रावधानको ब्यवस्था गरेकोछ । १० डिसेम्बर २०११ म नेपालले सम्मिलन गरेको । महासन्धिअनुसार धेरै काम हुन बाँकी छ ।

सहकारीमा रकम दुरुपयोग भ्रष्टाचारकै अर्को रूप हो, तर निजी क्षेत्रमा भ्रष्टाचार अनुसन्धान गर्न अख्तियारलाई अधिकार नभएको। निजीक्षेत्र भ्रष्टाचारको कारबाहीबाट बाहिर अर्थात् मुक्त छ। महासन्धिको धारा १२ अनुसार कारबाहीको अधिकार हुने गरी राज्यले कानून बनाउनुपर्ने।

कानूनी श्रोत नभएको सम्पत्तिको सम्बन्धमा सम्पत्ति शुद्धीकरण सम्बन्धी कानून आकर्षित हुन सक्छ। तर नेपालमा यो क्षेत्र स्रोत नभएका सम्पत्तिवालाको सम्बन्धमा त निष्कृय जस्तै छ भने सहकारीको क्षेत्रमा झन् आकृष्ट हुने सम्भावना छैन। जबसम्म सम्पत्ति शुद्धीकरण विभागलाई स्वतन्त्र सम्वैधानिक निकाय बनाइदैन तबसम्म यो विभाग निष्कृय हुन पुग्दछ – राजनैतिक हस्तक्षेप र दवावका कारणले।

सहकारी ऐनको कामजोरी सुधार गर्न जाँचबुझ आयोगले ऐनको मस्यौदा नै दिएको थियो। २०७० चैत्रमा अध्यादेश नै जारी गरियो, तर निष्कृय पारियो, सबै दलहरूको मिलेमतोमा। राजनीतिक दल र संसदलाई सहकारीमा सुधार गर्नेतर्फ कुनै सरोकार नै नभए जस्तो देखिने।

सहकारी ऐनको विधेयक संसदमा विचाराधीन छ। उपसमितिमा छलफलको क्रममा रहेको छ। ६९४ वटा संशोधनका सुझाव दर्ता भएका छन्।

नियमन कमजोर बनाउने, हिनामिनामा कारबाही गर्न नपाउने, मनपरी गर्न पाउनु पर्ने, उत्पादनमूलक कार्यमा सहकारीलाई लगाउनेतिर हैन कि ऋण र बचतको कारोबार वैंकले झैं गर्न पाउनु पर्नेमा सांसदको ध्यान केन्द्रित छ। वाफिया ऐन र अहिलेको चिकित्सा सम्बन्धी विधेयकमा झैं सांसदहरू विधेयकलाई कमजोर पार्नमा सकृय रहेका।

राजनीतिक दलहरूले ध्यान नै नदिएका। विधयकमा के के सुधार हुनु पर्ने हो ? अन्तर्राष्ट्रिय परम्परा र प्रचलन के छ भन्नेतिर ध्यान नै दिइदैन। राज्यको स्रोतको विचलनमा कोही जिम्मेवार हुनु नपर्ने, जनताको सम्पत्ति लुट हुँदा पनि सरकार निरीह र निष्कृय रहने अवस्था भनेको भ्रष्टाचार महासन्धिको पनि उल्लंघन हो।

भ्रष्टाचार र गैरकानूनी तवरबाट कमाएको सम्पत्ति लुकाउने ठाउँ सहकारी भएको छ। Who will bell the cat? को अवस्था रहेको छ।

सहकारी ऐनलाई समयानुकूल बलियो बनाई, भ्रष्टाचार नहुने, जनताको सम्पत्ति विचलन नहुनेतिर सोचिनु पर्ने हो तर ???

यस्तो अवस्थामा प्रस्तावित विचाराधीन विधेयकलाई नियमनकारी प्रावधान नहटाउने गरी पारित गर्नु पर्दछ। अनिमात्र सहकारी बलियो हुन्छ र महासन्धिको कार्यान्वयन हुन जान्छ।

गौरीबहादुर कार्की,
पूर्व अध्यक्ष विशेष अदालत,
अध्यक्ष, तत्कालीन सहकारी जाँचबुझ आयोग २०७०
हाल अध्यक्ष, चिकित्सा शिक्षा जाँचबुझ आयोग, २०७४
gauribkarki@gmail.com, सूर्यविनायक, भक्तपुर।
२ असोज २०७४

## कार्यशालामा सहभागीहरूको नामावली

चम्पादेवी खड्का, राज्यमन्त्री, गरिबी निवारण तथा सहकारी मन्त्रालय
माधव प्रसाद पौडेल, अध्यक्ष, नेपाल कानून आयोग
गौरी बहादुर कार्की, पूर्व अध्यक्ष, विशेष अदालत
केशव प्रसाद बडाल, माननीय सदस्य, व्यवस्थापिका संसद्
गोपीनाथ मैनाली, सचिव, गरिबी निवारण तथा सहकारी मन्त्रालय
फणीन्द्र गौतम, सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
भरत प्रसाद आचार्य, प्राचार्य, केन्द्रीय सहकारी प्रशिक्षण प्रतिष्ठान
केशव प्रसाद रेग्मी, महानिर्देशक, सहकारी विभाग
आनन्द सारु, वरिष्ठ सहकारी अधिकृत, डिभिजन सहकारी कार्यालय, काठमाण्डौ
बलराम निरौला, बरिष्ठ सहकारी अधिकृत, डिभिजन सहकारी कार्यालय, ललितपुर
नवराज उपाध्याय, केन्द्रीय सहकारी बैंक
चन्द्र प्रसाद ढकाल, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ
प्रकाश घिमिरे, सोडेक नेपाल
पवित्रा थपलिया, सोडेक नेपाल
अस्मिता मानन्धर, सोडेक नेपाल
कल्पना भण्डारी, सोडेक नेपाल
शान्ति गुरुङ, सोच बचत तथा ऋण सहकारी संस्था
उत्तम निरौला, सोच बचत तथा ऋण सहकारी संस्था
उषा नेपाल, सदस्य, एन्टी करप्सन एक्सपर्ट एडभाइजरी कमिटी, स्ट्र्याक परियोजना
राम सुदन तिमल्सेना, नेपाल राष्ट्रिय सहकारी महासंघ
केशवराज आचार्य, जगेडा बचत तथा ऋण सहकारी संस्था
निर्मला आचार्य, सञ्चार बचत तथा ऋण सहकारी संस्था
सीमा पुरी, सज्जन महिला बचत तथा ऋण सहकारी संस्था
अर्जुन पोखरेल, नेपाल मौरीपालन केन्द्रीय सहकारी संघ
कृष्ण प्रसाद सापकोटा, केन्द्रीय दुग्ध सहकारी संघ
मनोज लामिछाने, केन्द्रीय दुग्ध सहकारी संघ
महेश्वर चापागाईं, गोबर्द्धनश्री बचत तथा ऋण सहकारी संस्था
ज्ञान बहादुर तामाङ, राष्ट्रिय नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था
विपिन शर्मा, सूचना चौतारी बचत तथा ऋण सहकारी संस्था

दावा शेर्पा, राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था
तुलसी सुवेदी, सहकारी नेपाल बचत तथा ऋण सहकारी संस्था
रामचन्द्र शर्मा, क्यापिटल बचत तथा ऋण सहकारी संस्था
बद्री दुलाल, करियर बचत तथा ऋण सहकारी संस्था
जानकी निरौला, सगरमाथा बचत तथा ऋण सहकारी संस्था
अमरावती महर्जन, बुद्ध बचत तथा ऋण सहकारी संस्था
सुजन ढुंगाना, कंकालीमाई बचत तथा ऋण सहकारी संस्था
महेशभद्र खनाल, जोर्वा बचत तथा ऋण सहकारी संस्था
राजेन्द्र पौडेल, मनास्लु बचत तथा ऋण सहकारी संस्था
सिवी लामा, कान्तिपुर बचत तथा ऋण सहकारी संस्था
शर्मिला गुरुङ, ललितपुर बचत तथा ऋण सहकारी संस्था
गोविन्द यादव, कान्तिपुर बचत तथा ऋण सहकारी संस्था
माया वि.क., अमरावती बचत तथा ऋण सहकारी संस्था
सनिशा राई, प्रगति बचत तथा ऋण सहकारी संस्था
अनिल बज्राचार्य, आवाज बचत तथा ऋण सहकारी संस्था
सुजन परियार, काठमाण्डौ बचत तथा ऋण सहकारी संस्था
खेमा के. पुरी, प्रो एड बचत तथा ऋण सहकारी संस्था
विमल गौतम, सेन्टर फर मिडिया फ्रिडम
विन्देश दहाल, सेन्टर फर मिडिया फ्रिडम
भोजराज अधिकारी, सेन्टर फर मिडिया फ्रिडम
शारदा रिजाल, सेन्टर फर मिडिया फ्रिडम
निलम महर्जन, सेन्टर फर मिडिया फ्रिडम
मञ्जु थापा, सेन्टर फर मिडिया फ्रिडम
डि.एल. पुरी, अन्वेषक
विनोदराज खनाल, वाचडग मिडिया
जिपी आचार्य, एनसिसिआर
अमर अधिकारी, समग्र विकास सेवा केन्द्र
रामबहादुर गौतम, गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था
सीताराम सुनार, रोयल बहुउद्देशीय सहकारी संस्था
अविनाश झा, संकटा बहुउद्देशीय सहकारी संस्था
राजेन्द्र फुँयाल, कान्तिपुर दैनिक
दिलीप पौडेल, नागरिक दैनिक

सिल्भिया चापागाईं, विश्व स्वास्थ्य संगठन
कृष्ण गुरागाईं, उज्यालो एफ.एम
विशाखा गौतम, अन्वेषक
कृष्णदत्त भट्ट, गरिबी निवारण कोष
लक्ष्मण आचार्य, स्वकीय सचिव, माननीय राज्यमन्त्री चम्पादेवी खड्का
मनीषा अवस्थी, लोकान्तर डट कम
विशाल भट्टराई, लोकान्तर डट कम
सुशील पन्त, लोकान्तर डट कम
रिता लम्साल, लोकान्तर डट कम
अशोक महर्जन, लोकान्तर डट कम
रिदम थापा, विद्यार्थी तथा अन्वेषक
गीता दाहाल, मानव अधिकार सञ्जाल
विपुला शर्मा, गोबरग्याँस कम्पनी
विष्णु प्रसाद पौडेल, नवलपरासी